# अध्याय : एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षण सिकाइ प्रक्रियालाई - व्यवस्थित एवम् उद्देश्यमूलक बनाउनकालागि पाठ्यक्रम निर्माण गरिन्छ । 'पाठ्यक्रम' शब्द अङ्ग्रेजीको 'Curriculum' को रूपान्तरण हो । 'Curriculum' शब्द ल्याटिन भाषाको 'Currere' बाट बनेको हो । 'Curere' शब्दको अर्थ to run अर्थात 'दर्गुनु' भन्ने हुन्छ । यस अर्थमा 'Curriculum' शब्दको आसय 'धावन मार्ग' वा 'दौडको मैदान'' run way' भन्ने बुझिन्छ । यसरी हेर्दा शिक्षालाई एक प्रकारको दौड र पाठ्यक्रमलाई दौडने मैदानका रूपमा लिएको पाइन्छ । अर्थात पाठ्यक्रम भनेको त्यो बाटो हो जसमा दौडेर विद्यार्थी आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्न सक्दछ । यसरी शाब्दिक रूपमा हेर्दा लक्ष्य प्राप्त गर्ने दिसामा अघि बढ्ने बाटोको रूपमा पाठ्यक्रमलाई लिन सकिन्छ । अन्य राष्ट्रहरूमा पाठ्यक्रमको प्रयोग धेरै अगाडि भएतापनि नेपालमा पहिलो पटक वि.सं. २०२८ सालबाट भएको देखिन्छ । पाठ्यक्रमभित्र सामाजिक र राष्ट्रिय उद्देश्यहरू, कक्षागत, विषयगत, उद्देश्यहरू, अध्ययन विधि, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन विधिहरू ण्समेत विस्तृत रूपमा उल्लेख गरिएको हुन्छ (भण्डारी, २०६८ : १६४) ।

सामान्य अर्थमा पाठ्यक्रम भनेको के पढाउने ?, कसरी पढाउने ? भन्ने कुराको हेक्का दिलाउने एउटा दस्तावेज हो । यसमा उद्देश्य, विषयवस्तु, शिक्षणक्रियाकलाप, मूल्याङ्कन प्रकृयाका साथै पुरक सामग्रीको स्पष्ट ढङ्गले प्रस्तुत गरिएको हुन्छ । भाषा सिकेर आफ्नो जीवनका विविध आवश्यकता पुरा गर्न सक्ने क्षमताको विकास हुन सकोस र सँगसँगै शैक्षिक, सामाजिक तथा राष्ट्रिय आवश्यकताको परिपूर्ति गर्न सक्ने भाषिक सामर्थ्य हासिल हुन सकोस भन्ने धारणा भाषा शिक्षणमा राखिएको हुन्छ (शर्मा र पौडेल, २०६० : ६९) ।

पाठ्यक्रमलाई एउटा आधार सामग्रीका रूपमा लिइन्छ । पाठ्यक्रम सम्बन्धी विभिन्न विद्धानहरूका धारणालाई सापेक्षातामा राखेर हेर्न सकिन्छ । भाषा पाठ्यपुस्तक खास तह र कक्षाका लागि पाठ्यक्रमका भाषिक अपेक्षाहरू परिपूर्ति गर्नेगरी विषय विशेषज्ञद्वारा संकलन र सम्पादन गरिएको पाठ्यपुस्तकहरू छनोट र स्तरण गरी प्रस्तुत र अनुमोदित महत्त्वपूर्ण शिक्षण सामग्री हो ( ढकाल, २०६९/०७० : ११८) ।

पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु पाठ्यक्रमले निर्देश गरिए अनुरूप हुनुपर्छ । तबमात्र पाठ्यक्रमले निर्देश गरेका सिकाइ अनुभव विद्यार्थीले प्राप्त गर्न सक्छ । उद्देश्य अनुसार विषयवस्तु नभएमा अपेक्षित सिकाइ अनुभवहरू हासिल हुन सक्दैनन् । त्यसकारण अपेक्षित सिकाइ अनुभवहरू प्राप्त गर्न पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध महत्त्वपूर्ण रहेको छ । त्यसैगरी पाठ्यक्रमका उद्देश्य पूरा गर्न पाठ्यपक्रम अनुरूप पाठ्यपुस्तक निर्माण गरिनु पर्दछ । त्यसैगरी मूल्याङ्कन पनि पाठ्यक्रमले निर्देश गरिएको सिद्धान्तका आधारमा व्यवहारिक रूपमा प्रदान गर्ने हुनु पर्दछ ।

भाषा पाठ्यपुस्तक सम्बन्धीत भाषा पाठ्यक्रमको मर्म र अपेक्षा अनुरूप तयार पारिएको हुन्छ । ती पाठ्यक्रमका उद्देश्य र पाठ्यवस्तुका सीमा भित्र बाँधिएर लेखिएको हुनुका साथै गहन रूपमा अध्ययन गर्न र अभ्यासात्मक कार्यकलापहरू गर्न सजिलो हुने गरी तयार पारिएको हुन्छ ( पौडेल, २०६७ : ८८) । पाठ्यक्रमका अपेक्षित उद्देश्य पुरा गर्नका लागि निश्चित सीमा भित्र रहेर तयार पारिएको पुस्तक नै पाठ्यपुस्तक हो । भाषा पाठ्यक्रमका आधारमा भाषापाठ्यपुस्तक तयार गरिएको हुन्छ ।उक्त पाठ्यपुस्तक भाषा पाठ्यक्रम अनुसार तयार गरिएको छ की छैन भन्ने कुराको अध्ययन गर्न यस शोधपत्रको शीर्षक पाठ्यक्रम अनुरूपताको आधारमा **कक्षा दसको नेपाली पाठ्यपुस्तकको अध्ययन** राखिएको छ । एम.एड. द्वितीय वर्षको नेपा. शि. ५९८ को आवश्यकता पूर्तिका लागि यो शोध कार्य गरिएको हो ।

### १.२ समस्या कथन

प्रस्तुत शोधकार्य निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

क) कक्षा दसको नेपाली पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप छ की छैन ?,

ख) पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधागत पाठहरू पाठ्यक्रमका क्षेत्र र क्रमका आधारमा राखिएका छन् वा छैनन् ?,

ग) आन्तरिक र बाह्य आधारमा पाठ्यपुस्तक उपयुक्त छन् वा छैनन् ?,

घ) कक्षा दसको नेपाली पाठ्यपुस्तकको कमजोरी सुधारका लागि सुझावहरू के-के हुन सक्छन् ?,

### १.३ अध्ययनको औचित्यर महत्व

भाषा शिक्षणमा भाषा साधन र साध्य दुवै हुने गर्दछ । भाषा शिक्षण गर्नुको मुख्य उद्देश्य भाषाको शिक्षण नभएर भाषिक सीपको शिक्षण गर्नु हो । भाषिक सीपको शिक्षणले भाषाको सीपमा विकास गर्दछ । तसर्थ भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रले राखेका उद्देश्य पुरा गर्ने खालको हुनुपर्दछ ।

वर्तमान माध्यमिक तहको कक्षा दसको नेपाली विषयको पाठ्यक्रमको विश्लेषण गरी गुण र दोष केलाउन सकिन्छ । गुण पक्षलाई आत्मसाथ गर्दै दोष पक्षलाई केलाएर सुधारका उपाय अपनाउन सकिन्छ । पाठ्यक्रम अनुसार पाठ्यपुस्तकको अध्ययन गर्दा शिक्षक पाठ्यक्रम र भाषा पाठ्यपुस्तकका बारेमा धारणा बसाल्न सजिलो हुनुका साथै मार्गदर्सन प्रदान गर्दछ भने विद्यार्थीलाई पाठ्यपुस्तकमा भएका कुराहरूलाई अध्ययन गरी ज्ञान र सीपको भण्डार बढाउन सहयोग पुग्छ । त्यस्तै पाठ्यपुस्तक लेखकलाई के-कस्ता विषयवस्तु प्रस्तुत गर्दा विद्यार्थीको भाषिक क्षमतालाई अभिवृद्धि गर्न सकिन्छ भन्ने कुराको ज्ञान हुन्छ । अनुसन्धानकर्तालाई विकास, गुण र दोषको पहिचान गर्न, समालोचकलाई पाठ्यपुस्तक तथा पाठ्यक्रममा सबल र दुर्बल पक्षको

आलोचनात्मक टिकाटिप्पणी गर्न र सरोकारवालाहरूलाई सम्बन्धीत विषयमा खोज अनुसन्धान गर्न महत्त्वपूर्ण र उपयोगी हुन्छ ।

हालसम्म **पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा दसको नेपाली पाठ्यपुस्तकको अध्ययन** शीर्षकमा शोध कहिँकतैबाट पनि नभएको हुँनाले यसको औचित्य पुष्टि हुन्छ । त्यसैले यस शीर्षकमा अनुसन्धान गरिएको छ ।

### १.४ अध्ययनको उद्देश्यहरू

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) पाठ्यक्रम अनुरूपताका आधारमा कक्षादसको नेपाली पाठ्यपुस्तकको अध्ययन गर्नु,

ख) पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधागत पाठहरू, पाठ्यक्रमका क्षेत्र र क्रमरूपताका आधारमा विश्लेषण गर्नु,

ग) आन्तरिक र बाह्य विशेषताका आधारमा पाठ्यपुस्तकको विश्लेषण गर्नु,

घ) कक्षा दसको नेपाली विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तकका कमी कमजोरीहरूको पहिचान गरी सुधारका लागि सुझाव पेश गर्नु ।

### १.५ अध्ययनको परिसीमा

प्रस्तुत शोधकार्य निम्नलिखित क्षेत्र र सीमामा आधारित रहेर तयार पारिएको छ :

क) यो अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा निर्धारित पाठ्यक्रम विकास केन्द्रद्वारा वि.सं. २०७४ मा परिमार्जित कक्षा दसको नेपाली पाठ्यपुस्तकमा मात्र सीमित रहेको छ,

ख) पाठ्यक्रम अनुरूपताका आधारमा उक्त पाठ्यपुस्तकको तालमेल र लेखाजोखा गर्ने कार्यमा सीमित गरिएको छ,

ग) पाठ्यपुस्तक निर्माण गर्दा विषयवस्तु, विधा, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई समेट्ने प्रयास भएको छ की छैन ? आदि पक्षको अध्ययनमा प्रस्तुत शोध सीमित रहेको छ ।

### १.६ पारिभाषिक शब्द

पाठ्यक्रम : मूल दस्तावेज

पाठ्यपुस्तक : पाठ्यविषयवस्तु उल्लेख गरिएको पुस्तक

अनुरूपता : जस्ताको त्यस्तै

अनुसन्धान : खोजी गर्ने काम

आन्तरिक : भित्री कुरा

बाह्य : बाहिरी कुरा

## अध्याय : दुई

## पूर्वकार्यको समीक्षा तथा धारणात्मक संरचना

### २.१ पूर्वकार्यको समीक्षा

पुस्तक, पत्रपत्रिका, लेख आदिको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०६५ : २८) । अनुसन्धान गर्नु भनेको नयाँ कुरा पत्ता लगाउनु मात्र नभएर पुरानै कुरालाई सही तथ्यका आधारमा प्रमाणित गर्नु पनि हो ।

नेपालको सन्दर्भमा हेर्दा शैक्षिक इतिहास लामो भएतापनि पाठ्यक्रम र पाठ्युस्तकको अध्ययन भने धेरै पछि मात्र भएको पाइन्छ । नेपालमा औपचारिक रूपमा वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा योजना आयोगबाट वैज्ञानिक प्रयोग भएको पाइन्छ । वि.सं. २०२८ पश्चात पाठ्यक्रम र पाठ्यपुस्तकलाई विविध सन्दर्भ र दृष्टिकोणबाट पुनरावलोकन तथा परिमार्जन गरी नवीन चिन्तनका साथ पाठ्यक्रम अनुरुप पाठ्यपुस्तक लेखाउने कामका साथै पाठ्यक्रमको मूल्याङ्कन, पाठ्यपुस्तकको विश्लेषण एवम् शब्द भण्डार र बोधगम्यताका दृष्टिले अध्ययन गर्न थालेको देखिन्छ (पौडेल, २०६० : ४५) । प्रस्तुत अध्ययनमा पनि पाठ्यक्रम अनुरूपताको आधारमा पाठ्यपुस्तकको अध्ययन गर्ने लक्ष्य लिएकाले प्रस्तुत शीर्षकसँग सम्बद्ध भएरगरिएका पूर्वकार्यहरूको कालक्रमिक समीक्षा निम्नानुसार प्रस्तुत गरिएको छ :

भण्डारी (२०७३) द्वारा **पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा नौ को नेपाली पाठ्यपुस्तक** शीर्षकमा अनुसन्धान सम्पन्न गरिएको छ । उक्त अनुसन्धानका उद्देश्यहरू : पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा नौ को नेपाली पाठ्यपुस्तकको अध्ययन गर्नु, पाठ्यपुस्तकमा समाविष्ट विभिन्न विधागत पाठहरू पाठ्यक्रमका क्षेत्र र क्रम अनुरूपताका आधारमा विश्लेषण गर्नु, आन्तरिक र बाह्य विशेषताका आधारमा पाठ्यपुस्तकको विश्लेषण गर्नु

लगायत रहेका छन् । उक्त शोध कार्यमा सामग्री संकलनका लागि पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप बनाउने प्रयास गरिएको छ, पाठ्यपुस्तक भित्र रहेका विषयवस्तु विद्यार्थीको स्तरअनुकूल नै भएको, भाषाका चार सीपमध्ये लेखाइ सीपलाई बढी महत्त्व दिइएको, आकारगत दृष्टिले उपयुक्त रहेको तर शिक्षा शास्त्रीय दृष्टिकोण, प्रजातान्त्रिक मूल्य मान्यता तथा बालअधिकार, भौगोलिक र धार्मिक विविधता साथै राष्ट्रिय एकता र सार्वभौमिकतालाई स्पष्ट रूपमा नसमेटिएको लगायत निष्कर्ष निकालिएको छ ।

ओझा (२०७३) द्वारा माध्यमिक शिक्षक दिग्दर्सन पुस्तक प्रकाशित गरिएको छ । जसमा **पाठ्यपुस्तकको अध्ययन** शीर्षकमा पाठ्यपुस्तकको परिचय, पाठ्यक्रम र पा.पु. को अर्न्तसम्बन्ध, पाठ्यक्रमका उद्देश्य प्राप्तिमा भाषा पाठ्यपुस्तकको अर्न्तसम्बन्ध, पाठ्यपुस्तकको वर्तमान अवस्था, पाठ्यक्रमको भूमिका बारे प्रष्ट पारिएको छ । यसले कुनै पनि कक्षा वा तहका लागि निर्धारण गरिएको पाठ्यक्रम अनुरुप पाठ्यपुस्तकको अध्ययनको लागि यो शोध मार्गनिर्देशक सामग्री रहेको छ । जसमा कक्षा नौ को पाठ्यपुस्तकलाई पाठ्यक्रम अनुरूपताका आधारा सातवटा विधाहरू समेटिएको पाइन्छ । जसअन्तर्गत कथा, कविता, निबन्ध, जीवनी, रूपक, दैनिकी र चिठी पर्दछन् । सातवटा विधामा १६ वटा पाठहरू पाठ्यपुस्तक भित्र समावेश गरिएको कुरा उल्लेख गरिएको छ । विधाहरूका आधारमा बोध तथा अभिव्यक्तिलाई पनि समावेश गरिएको छ । व्याकरणको विषयवस्तुलाई आगमनात्मक ढङ्गबाट प्रस्तुत गरिएको छ । पाठ्यपुस्तकलाई आन्तरिक तथा बाह्य आधारमा विश्लेषण गरिएको छ । जसको सहयोगबाट प्रस्तुत शोधपत्र तयार गर्न सहयोग मिलेको छ ।

रिमाल (२०७१) द्वारा **पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा सातको नेपाली पाठ्यपुस्तकको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारेको देखिन्छ । यस अध्ययनमा मुख्य रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ भने पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा सातको नेपाली पाठ्यपुस्तक वि.सं. २०६९ अनुरूप छ की छैन ?, पाठ्यक्रमको उद्देश्य पूर्ति गर्न सक्छ वा

सक्दैन ?, पाठहरूको रखाइ क्रम, पाठ्यक्रम अनुरूप के-कस्तो तालमेल मिलेको छ लगायतका उद्देश्य रहेका छन् । त्यस्तै यस शोधपत्रमा पाठ्यपुस्तकमा व्याकरणलाई कार्यमूलक ढङ्गबाट पाठसँग सम्बद्ध बनाउने कोसिस गरिएको छ, सिर्जनात्मक अभ्यासले विद्यार्थी केन्द्रित क्रियाकलापलाई अवलम्बन गर्न खोजिएको देखिन्छ, पाठ्यक्रमका चारै सीपलाई बराबर महत्त्व दिएर सन्तुलित गर्ने प्रयास अपूर्ण नै रहेको निष्कर्ष निकालिएको छ । यस अध्ययनमा पाठ्यक्रम अनुरूप पाठ्यक्रमको आन्तरिक र बाह्य आधारको विश्लेषण गरिएको छ । यसरी विभिन्न पक्षलाई समेटी पाठ्यक्रम अनुरूपताका आधारमा रहेर पाठ्यपुस्तकको विश्लेषण गरिएको हुनाले प्रस्तुत अध्ययनलाई यसले सहयोग पुग्नेछ ।

बम (२०७०) द्वारा **पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा दसको वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन** शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । उक्त शोधपत्र पुस्तकालयीय अध्ययन र क्षेत्रीय सामग्री संकलन विधिलाई मुख्य विधिका रूपमा प्रस्तुत गरिएको छ । यस अध्ययनमा पाठ्यक्रमको उद्देश्य अनुरूप पाठहरूमा दिइएको अभ्यासहरूको विश्लेषण गर्नु, पाठ्यक्रमको क्षेत्र र क्रमको आधारमा पहिचान गर्नु, पाठ्यक्रममा समावेश गरिएका कथाहरूको भाषिक छनौट र स्तरणको निरूपण गर्नु, पाठ्यपुस्तकमा समाविष्ट कथालाई पाठ्यक्रम अनुरूपताका आधारमा विश्लेषण गर्नु जस्ता कार्य गरिएको छ । नेपाली भाषा पाठ्यक्रमले भाषिक सीपको विकास गराउने उद्देश्य राखिएको छ । तिनै उद्देश्य अनुरूप कथा विधालाई पनि समावेश गरी सुनाइ, बोलाइ, पढाइ, लेखाइ, सीपसँग सम्बन्धीत भएर आफूले सुनेका, देखेका, भोगेका कुराहरूलाई समेटी अभिव्यक्ति दिने कथाहरू सहयोगी भएका, व्याकरणको शिक्षणमा आगमन विधिलाई महत्त्व दिइएको, कथा विद्यार्थीको उमेर, तह र क्षमताका साथै रूचि अनुसारका नै भएका, चारवटै भाषिक सीप विकासका लागि कार्यकलापहरू निर्धारण गरिएका अभ्यास खण्डमा विषयगत प्रश्नहरूलाई महत्त्व दिइएको तर वस्तुगत प्रश्नलाई व्यवास्था गरिएको कुरा निष्कर्ष प्रस्तुत गरिएको छ । यो अध्ययन केबल पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकमा समाविष्ट कथा विधामा मात्र सीमित रहेकाले सम्पूर्ण विधाहरूलाई समेटी गहन अध्ययन र विश्लेषणका

लागि प्रस्तुत शोध गर्नुपर्ने आवश्यकता रहेको छ । उक्त शोध कार्य पाठ्यक्रम अनुरूपताका आधारमा पाठ्यपुस्तकको अध्ययन भएकाले प्रस्तुत अध्ययनलाई यसले सहयोग पुगेको छ ।

खनाल (२०६७) द्वारा **कक्षा नौको नेपाली पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन** शीषर्कमा शोधकार्य गरिएको छ । यस अध्ययनलेपाठ्यक्रम अनुरूपताका आधारमा रहेर कक्षा नौको नेपाली पाठ्यपुस्तकको अध्ययनलाई मुख्य उद्देश्य बनाएर पुस्तकालयीय विधिमा केन्द्रित भएर अध्ययन गरिएको पाइयो । पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकले क्षेत्रहरू समेट्न नसकेको, आकारगत लम्बाई लामो भएको, वाक्य गठनमा सजकता नअपनाएको कारण काहीँ असाध्यै लामा र काहीँ अति नै छोटा वाक्यको प्रयोग गरिएको, स्तर अनुसारका पाठहरू समावेश गर्न नसकिएको र पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकको निर्माण हुन सकेको छैन भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ । आवश्यक सुझाका साथ शोधपत्र तयार गरिएकाले यो अध्ययन प्रस्तुत अध्ययनका लागि सहयोगी सामग्री बनेको छ ।

निरौला (२०६२) द्वारा माध्यमिक तहमा नेपाली पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूपता शीर्षकमा शोधकार्य गरिएको छ । पाठ्यक्रम अनुरूपताका आधारमा पाठ्यपुस्तकको विश्लेषण, भाषा पाठ्यक्रमको विश्लेषणात्मक अध्ययन र माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तकका कमीकमजोरीहरू पहिचान गरी सुझाव पेश गर्नु उक्त शोधको मुख्य उद्देश्य रहेको छ । उक्त शोधमा कक्षा नौ र दसको भाषा पाठ्यपुस्तकमा समावेश पाठहरूको प्रकृति, पाठ्यपुस्तकमा विधागत सन्तुलन, वितरण प्रक्रिया, उद्देश्यपूर्तिमा सहयोग पुग्ने पाठहरू उद्देश्य अनुरूप छन् की छैनन् भनेर भाषा पाठ्यपुस्तकको आन्तरिक र बाह्य तत्त्वका आधारमा अध्ययन गरिएको पाइयो । पाठ्यपुस्तकमा समेटिएका विभिन्न विधा, पाठ्यवस्तुको क्षेत्र र क्रम तथा नमूना अभ्यासको उपयुक्त ढङ्गले प्रस्तुतीकरण गरिएको छ की छैन भनेर खोजी गरिएको छ । उक्त शोधकार्यमा सामग्री संकलनको लागि पुस्तकालयीय विधि अपनाइएको पाइन्छ । भाषा पाठ्यक्रमका उद्देश्यहरू कुनै एक पक्षमा मात्र सीमित नभई भाषाका चारवटै सीप (सुनाइ, बोलाइ,

पढाइ, लेखाइ) लाई सन्तुलित रूपमा विकास र विस्तार गर्दै लैजानु पर्छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ । उक्त शोधपत्र प्रस्तुत अध्ययनका लागि सहयोगी सामग्री बनेको छ ।

प्रस्तुत शोध कार्य पूर्व पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन विषय क्षेत्रमा भण्डारी ( २०७३), रिमाल (२०७१), वम (२०७०), खनाल (२०६७), निरौला (२०६२) ले शोधकार्य सम्पन्न गरेका छन् । यी मध्ये पहिलो, दोस्रो र तेस्रो शोधार्थीले क्रमश : पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको अध्ययन, माध्यमिक शिक्षक दिग्दर्सन, पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथाहरूको अध्ययनसँग सम्बन्धीत भएर अध्ययन गरेका छन् भने चौथो, पाँचौ र छैठौं शोधार्थीले कथाको अध्ययन, पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन, माध्यमिक तहको नेपाली पाठ्युपस्तकको अध्ययन गरेका छन् तर माध्यमिक तहको कक्षा दसको नेपाली पाठ्यपुस्तकको पाठ्यक्रम अनुरूपताको आधारमा कसैले पनि अध्ययन गरेको पाइदैन । यसर्थमा यो अध्ययन अन्य भन्दा भिन्न र मौलिक छ ।

### २.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

सम्बन्धीत विषयको सम्बन्धीत विषयको अनुसन्धानलाई विश्वसनीय र वैध बनाउन समस्यालाई राम्ररी बुझेर विश्लेषण गर्न, शीर्षकको छनोट गर्न, अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, अनुसन्धानको ढाँचा निर्माण गर्न, पहिले भएका अनुसन्धानको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धानात्मक क्षेत्रहरू पत्ता लगाउन पूर्व कार्य उपयोगी हुन्छ ।

पूर्व अध्ययनले अगाडि भएका सबल पक्षलाई आत्मसाथ गर्दै नकारात्मक पक्षलाई सुधार गर्नकालागि सहयोग पुऱ्याउछ । श्रोता, पाठक साथै सम्बन्धीत विषयमा चासो राख्ने व्यक्तिहरूलाई पनि पहिले गरिएका खोज र वर्तमानमा भइरहेका खोजका बीचमा हुने तात्त्विक भिन्नता छुट्याई तुलनात्मक रूपमा उल्लेख गर्न, नयाँ शोधलाई उद्देश्यमूलक र व्यवस्थित बनाउन पूर्व अध्ययनको

महत्त्व रहेको हुन्छ । त्यसैगरी कक्षा दसको नेपाली पाठ्यपुस्तकमा समावेश भएका विभिन्न विधा र अभ्यासका बारेमा पनि विश्लेषणात्मक अध्ययन गर्न पूर्व कार्यको महत्त्वपूर्ण भूमिका रहन्छ ।

## २.३ सैद्धान्तिक / धारणात्मक संरचना

प्रस्तुत शोधकार्य पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा दसको नेपाली पाठ्यपुस्तको अध्ययन कक्षा दसको नेपाली पाठ्यपुस्तक २०७४ माध्यमिक तहको पाठ्यक्रम २०७१ का आधारमा पाठ्यपुस्तक उपयुक्त रहेको वा नरहेको भनी शुक्ष्म ढङ्गले अध्ययन गरी निष्कर्ष निकालिएको छ । पाठ्यक्रमले राष्ट्रिय, अन्तराष्ट्रिय परिवेश अनुकूल, विज्ञान प्रविधिको समुचित प्रयोग, विद्यार्थीको रूचि, स्तर, क्षमता अनुसार समाजको आवश्यकता पुरा गर्ने खालको हुनुपर्दछ र पाठ्यक्रमको मर्म अनुसार पाठ्यवस्तु पाठ्यपुस्तकमा समावेश गरिनु पर्छ भन्ने निष्कर्ष निकालिएको छ ।

प्रस्तुत शोधमा ढकाल, शान्तिप्रसाद (२०७०), नेपाली भाषा शिक्षण : परिचय र प्रयोग, शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०५२), शोध विधि, शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६७), नेपाली भाषा र साहित्य शिक्षण र पूर्व कार्यमा उल्लेख गरिएका पाठ्यक्रम अनुरूपताका आधारमा पाठ्यपुस्तकको अध्ययनसँग सम्बन्धीत अनुसन्धान प्रतिवेदनका आधारमा निष्कर्ष निकालिएको छ ।

# अध्याय : तीन

# अध्ययन विधि/प्रक्रिया

## ३.१ अध्ययनको संरचना

अध्ययन विधि भन्नाले शोध प्रस्तावमा राखिएका उद्देश्यलाई प्राप्त गर्नका लागि अपनाइने पद्धति हो । अनुसन्धानलाई निश्चित उद्देश्य प्राप्त गर्न अपनाइने नमूना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने प्रक्रिया अध्ययन विधिभित्र पर्दछन् । अनुसन्धानका क्रममा आगामी दिनहरूमा अनुसन्धान के-कसरी गर्ने भन्ने कुरा उल्लेख गरिएको एउटा पूर्व योजना नै अध्ययन विधि हो ।

प्रस्तुत अध्ययन माध्यमिक तह कक्षा दसको नेपाली पाठ्यपुस्तकको पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन गर्नुपर्ने भएकाले यसमा मुख्यत : पुस्तकालयीय विधिलाई पयोग गरिएको छ । संकलित सामग्रीहरूको अध्ययन विश्लेषणका क्रममा सैद्धान्तिक आधार तयार पार्दा विभिन्न पुस्तक, पत्रपत्रिका, लेख रचना तथा शोधपत्रबाट सामग्री लिई शोध निर्देशकको सल्लाह अनुसार प्रस्तुत शोधकार्य गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमूना

पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा दसको नेपाली पाठ्यपुस्तकको अध्ययन शीर्षकको जनसङ्ख्याको पाठ्यक्रमविद् प्राध्यापकहरू र यस अघिका सम्बन्धीत विषयका शोधकार्यहरूलाई नमूनाका रूपमा लिइएको छ ।

## ३.३ नमूना छनौट प्रक्रिया

यस अनुसन्धानमा पुस्तकालयीय विधिको प्रयोग गरेर कल्पना भण्डारीद्वारा २०७३ सालमा गरिएको **पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको अध्ययन**शीर्षकको शोधलाई नमूनाकोरूपमा छनौट गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन

यस शोध कार्यमा तथ्याङ्क सङ्कलन गर्ने क्रममा, प्रथम, द्वितीयक स्रोत अन्तर्गतका विभिन्न प्रकाशित पुस्तकहरू, अनुसन्धान प्रतिवेदन, शोधपत्र, लेखन कार्यसँग सम्बन्धीत विभिन्न सहायक पुस्तकहरू तथा लेखहरू, शोधसार, अप्रकाशित अनुसन्धान आदिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५तथ्याङ्क सङ्कलन प्रक्रिया

शोध अनुसन्धान कार्यलाई सम्पन्न गर्नका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा विभिन्न स्रोत सामग्रीलाई उपयोगमा ल्याइएको छ । उक्त अध्ययनका लागि तथ्याङ्क संकलन गर्दा निम्नलिखित स्रोतको प्रयोग गरिएको छ :

### क) प्राथमिक स्रोत

प्रस्तुत शोधकार्यको शीर्षक कक्षा दसको नेपाली पाठ्यक्रमको आधारमा पाठ्यपुस्तकको अध्ययन भएकाले प्राथमिक स्रोत सामग्री अन्तर्गत पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित कक्षा दसको पाठ्यक्रम र नेपाली पाठ्यपुस्तकलाई लिइएको छ ।

### ख) द्वितीयक स्रोत

प्रस्तुत अध्ययनका क्रममा द्वितीयक स्रोतकारूपमा पुस्तकालयीय विधि अपानाइएको छ । यसका साथै जर्नल, प्रतिवेदन, पाठ्यपुस्तक, पत्रिका लगायत विभिन्न रचना, सन्दर्भ पुस्तक, सुझाव प्रतिवेदनहरू रहेका छन् ।

## ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या पक्रिया

अध्ययनबाट प्राप्त सामग्रीलाई वर्णनात्मक, तुलनात्मक विधि अपानाई व्याख्या तथा विश्लेषण गरी वस्तुपरक अध्ययन गरी ठोस निष्कर्षमा पुग्नको लागि विभिन्न तालिकाहरू प्रस्तुत गरिएको छ । यसका अतिरिक्त सैद्धान्तिक अध्ययनबाट प्राप्त ज्ञानलाई आवश्यकता अनुसार चित्र, तालिका लगायत वर्णनात्मक पद्धति अपनाइ व्याख्या, विश्लेषण गरिएको छ ।

कुनै पनि तहमा अध्ययन गराइएका पाठ्यपुस्तकका विभिन्न आधारहरू देखा पर्दछन् । यस अध्ययनमा पनि तिनै आधारमध्ये पाठ्यपुस्तकको आन्तरिक र बाह्य आधारलाई लिइएको छ । विषय विशेषज्ञ, सन्दर्भ पुस्तक, शोधग्रन्ध र प्राध्यापकहरूको राय सुझावका आधारमा विश्लेषण गरिएको छ । पाठ्यपुस्तक वर्तमान सन्दर्भलाई ध्यानमा राखेर कुनै पनि देशको समसामयिक परिस्थितीलाई हेरेर शिक्षाको निम्ति तयार गरिएको हुन्छ । यसै अनुरूप तहगत र कक्षागत उद्देश्यहरू निर्माण गरी पाठ्यपुस्तक बनाइएको हुन्छ । पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप विद्यार्थीको रूचि, स्तर र पूर्व ज्ञानलाई मध्यनजर गरेर निर्माण गरिएको छ ।

पाठ्यपुस्तक विश्लेषणका विधिका निम्ति शिक्षाविद् पाठ्यक्रम, विशेषज्ञहरूले निर्माण गरेका पाठ्यपुस्तक विश्लेषण सम्बन्धी सैद्धान्ति मान्यताको अध्ययन गरी तिनै मान्यताको आधारलाई मानक मानि सम्बन्धीत पाठ्यपुस्तकको अध्ययनबाट तथ्याङ्क सङ्कलन गरिएको छ । पाठ्यक्रम अनुरूपताका आधारमा सम्बन्धीत तहको पाठ्यक्रमको उद्देश्य, विधिको क्षेत्र, सिकाइ उपलब्धीका आधारमा अध्ययन गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । सम्बन्धीत तहको पाठ्यक्रमको उद्देश्य, विधाको क्षेत्र, सिकाइ उपलब्धीका आधारमा अध्ययन गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी प्राप्त भएको तथ्यहरूलाई वर्गिकरण, तालिकीकरण, व्याख्याका साथै विश्लेषण गरिएको छ ।

# अध्याय : चार

# परिणाम र छलफल

## ४.१ नतिजा र परिणाम

पाठ्यक्रमले निर्धारण गरेका लक्ष्यहरू पुरा गर्नका लागि आवश्यक पर्ने शिक्षण सिकाइ कार्यकलाप सञ्चालनका लागि सहयोग पु¥याउने महत्त्वपूर्ण शैक्षिक सामग्री, पाठ्यपुस्तक कुनै निश्चित तहको कुनै निश्चित कक्षामा वर्षभरी शिक्षण गर्नका लागि तयार गरिएको विषयवस्तुको संगालोलाई पाठ्यपुस्तक भनिन्छ । त्यसैले यस्तो पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप निर्माण गर्नुपर्दछ । यसै अनुरूप कक्षा दसको नेपाली पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप भए/नभएको हेर्ने कार्य यस अध्ययनमा गरिएको छ ।

भाषा पाठ्यक्रम भाषिक सीप हासिल गर्ने उद्देश्यमा आधारित हुन्छ । यस्ता सीपगत उद्देश्य प्राप्त गर्नका लागि भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरूको प्रयोग गरिएको हुन्छ । भाषिक पाठ्यपुस्तकबाट नै शब्दभण्डार, वाक्य रचना, प्रश्नोत्तर, शुद्धोच्चरण, व्याकरणको ठीक रूपमा प्रयोग, लिखित तथा मौखिक अभिव्यक्ति आदि सुनाइ,बोलाइ, पढाइ र लेखाइ चारै सीपको विकास गराउन सकिन्छ । यस्ता उद्देश्यहरू परिपूर्ति गर्न पाठ्यपुस्तक उपयुक्त छ वा छैन भनी अध्ययन गर्ने कार्य यसमा गरिएको छ ।

पाठ्यक्रम शिक्षणको मेरूदण्ड हो । शिक्षणका सम्पूर्ण प्रक्रियाहरूको सुरूवात पाठ्यक्रमबाट हुन्छ त्यसैले पाठ्यक्रमको अपेक्षा अनुकुल पाठ्यपुस्तक निर्माण हुनुपर्दछ । सिकारूको रूचि, क्षमता तथा स्तरका आधारमा भाषापाठ्यपुस्तक भएको छ/छैन भनि अध्ययन गरिएको छ । भाषा पाठ्यपुस्तकमा के-कस्ता विषयहरू राखिएका छन् । तिनीहरूको क्षेत्र र क्रम कसरी निर्धारण गरिएको छ । पाठ्यवस्तुको छनोट र स्तरण कसरी गरिएको छ, मूल्याङ्कनलाई प्रयोगात्मक रूपमा प्रस्तुत गरिएको छ की छैन भन्ने पक्षमा पनि अध्ययन गरिएको छ । प्रस्तुत

अध्ययनमा पाठ्यपुस्तकका आन्तरिक तथा बाह्य विशेषताका आधारमा पनि उपयुक्त भए/नभएको अध्ययन गरी निष्कर्ष तथा सुझाव दिने काम गरिएको छ ।

### ४.१.१ पाठ्यक्रमका उद्देश्य र पाठहरू

भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमका उद्देश्यहरू पूर्ति गर्नका लागि विभिन्न पाठहरू रहेका हुन्छन् । ति पाठहरूमा भाषिक सीप विकासका लागि विभिन्न अभ्यासहरू राखिएको हुन्छन् । यस अध्ययन कक्षा दसको नेपाली पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूपताका दृष्टिले उद्देश्य पूर्ति गर्ने खालका पाठहरू र अभ्यासहरू उपयुक्त छन् की छैनन् अध्ययन गर्न खोजिएको छ । प्रत्यक पाठको पृष्ठको अन्त्यमा कठीन शब्द र तिनको अर्थ दिइएको छ । यसपछि अभ्यास सुरू गरिएको छ । कक्षा दसको नेपाली पाठ्यपुस्तकमा सुरूको पाठ कथा राखिएको छ । जसअन्तर्गत सुरूको अभ्यासमा पाठको पहिलो अनुच्छेद सुनि त्यस अनुच्छेदमा उल्लेख भएका पात्रहरूको नाम भन्ने, पाठको अनुच्छेद सुनि त्यसका आधारमा उत्तर भन्ने, पाठको अन्तिम अनुच्छेदको श्रुतिलेखन गर्ने जस्ता अभ्यासहरू राखिएको छ । यसले सुनाइ र लेखाइ सीपको विकास गर्न सहयोग पुऱ्याउने आंशिक उद्देश्यलाइ तय गरिएको छ । त्यसैगरी कवितामा गति, यति र लय मिलाएर पढ्न लगाउने अभ्यास राखिएको छ । यसले पढाइ सीप विकास गर्न सहयोग गर्ने आंशिक उद्देश्यलाई तय गरिएको छ । यसैगरी वादविवाद कला अन्तर्गत हाउभाउ सहित तर्कवितर्क गर्ने क्षमताको विकास गर्न खोजिएको छ । यसैगरी जीवनीले प्रेरक व्यक्तिको बारेमा बुझि सोही अनुसार अनुशरण गर्ने क्षमताको विकास गर्न खोजिएको छ । यसमा पढाइ र सुनाइको अभ्यास गराउन पनि खोजिएको छ । त्यसैगरी चिठी लेखन अभ्यासमा चिठी लेख्ने कलाको विकास गराउने उद्देश्य राखिएको छ । अन्य विधागत पाठहरूमा संक्षिप्त उत्तर दिने अभ्यास राखिएको छ । यसले बोलाइ सीपगत र स्मरण क्षमताको विकास गर्ने उद्देश्य प्राप्तिमा सहयोग पुऱ्याउन मद्धत गरेको देखिन्छ । यस्तै प्रश्नोत्तर सम्बन्धी राखिएका अभ्यासले पठनबोध तथा लेखन सम्बन्धी उद्देश्यको आंशिक तह पुरा गरेको देखिन्छ । सुनेर उत्तर दिने श्रुतिबोध क्षमताको विकासमा टेवा पुऱ्याउने कार्य गरेको

पाइन्छ । शुद्ध उच्चारणसम्बन्धीत अभ्यासले पाठभित्रका शब्द र वाक्यलाई स्पष्ट उच्चारण गर्न सहयोग पुऱ्याएको देखिन्छ । शुद्ध लेखन सम्बन्धी लेखनले वाक्य गठन मिलाइ सफा र स्पष्टसँग लेखनमा जोड दिएको पाइन्छ । त्यसैगरी जोडा मिलाउने, उपयुक्त शब्द खोजेर खाली ठाउँ भर्ने, ठीक बेठीक छुट्याउने जस्ता अभ्यासहरूले उपयुक्त शब्द चयन गर्न, फरकपना पहिचान गरि सुधार गर्न साथै लिङ्ग, वचन, पुरूष, काल, भाव, पक्ष, वाच्य, विभक्ति, कारक, आदि सम्बन्धी संगति मिलाइ उपयुक्त वाक्यको निर्माण गर्ने जस्ता कुराहरूलाई ध्यान दिएको देखिन्छ । यसैगरी पाठबाट खोजेर लेख जस्ता अभ्यासले विद्यार्थीलाई सक्रिय बन्न सिकाउने साथसाथै सही उत्तर पत्ता लगाउन सक्ने बानीको बिकास गराउन खोजिएको छ । भाव स्पष्ट गर, विवेचना गर, व्याख्या तथा विभिन्न अंशको भाव व्यक्त गर जस्ता अभ्यासले व्यक्तिको अभिव्यक्ति क्षमताको विकासमा टेवा पुऱ्याएको देखिन्छ ।

कार्यमूलक व्याकरणका रूपमा व्याकरणको धारणात्मक ज्ञानलाई विस्तार गर्न खोजिएको छ । यसका साथै परम्परागत घोकन्ते र बोझिलोपन हटाएर सहज र सरल तरिका अपनााएर व्याकरणगत अभ्यास दिन खोजिएको छ । सारांश लेखन, निबन्ध लेखन, मनोवाद लेखन, जीवनी लेखन, प्रतिवेदन लेखन, बुँदा टिपोट जस्ता सृजनात्मक क्रियाकलापले सिकारूलाई सक्रिय बनाइ लेखन सीपको विकासका साथै मौखिक अभिव्यक्ति सीपलाई विकास गराउन सहयोग गरेको छ । सृजनात्मक कार्यले ज्ञान र सीपलाई विद्यार्थीको धारणा अनुरूप अनुभूति र आवश्यकता अनुरूप प्रयाग गर्न, विद्यार्थीको विभिन्न शैलीमा लेखन कलाको विकास गराउने भएकाले पाठ्यपुस्तकमा यस्ता विभिन्न कुरालाई समावेश गरिएको हुनुपर्दछ । तिनै उद्देश्यलाई आत्मसाथ गर्दै कक्षा दसको भाषा पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप तयार गरिएको पाइन्छ ।

### ४.१.२ भाषिक सीपका आधारमा पाठ्यपुस्तकको अध्ययन

#### ४.१.२.१ सुनाइ र बोलाइ सीप

सुनाइ र बोलाइ मौखिक पक्ष अन्तर्गत पर्ने भाषिक सीपहरू हुन । यी दुई सीपहरू एक अर्कामा अर्न्तसम्बन्धीत हुन्छन् । व्यक्तिले सुनेर मात्र कुनै कुरा भाषिक आवश्यकता पुरा गर्न सक्दैनन् । यसका लागि बोलाइको आवश्यकता पर्दछ । कुनै व्यक्तिले कुनै कुरा सुनेर मात्र बोलाइ तिर लम्कन सक्छ त्यसकारण सुनाइ पहिलो र बोलाइ दोस्रो भाषिक सीप हो । माध्यमिक तहको भाषिक शिक्षा पाठ्यक्रमले कक्षा दसका लागि सुनाइ, बोलाइसँग सम्बन्धीत जम्मा १७ वटा उद्देश्यहरू निर्धारण गरेको र सबै सीपमा समान ढङ्गले जोड दिने प्रयास गरेको छ । सुनाइ र बोलाइ सीपको परीक्षण भाषाका एकाइहरूलाई आधार बनाएर गरिएकाले निकै राम्रो देखिन्छ । जसलाई तलका बुँदाबाट अझ प्रष्ट पारिएको छ :

क) शब्द र वाक्यहरूमा प्रयुक्त स्वर र व्यञ्जन वर्णहरू पहिल्याउन र सोही अनुरूप उच्चारण गर्न,

ख) मातृभाषा र विभिन्न भाषाभाषीको सन्दर्भलाई समेत ख्याल गरी उपयुक्त उच्चारण गर्न,

ग) गति, यति र लय ख्याल गरी शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न र वाक्यमा प्रयोग गर्न,

घ) मौखिक अभिव्यक्तिमा व्यक्त भएका मुख्य विचारहरू पहिचान गर्ने गरी सुन्न,

ङ) साहित्यका विधा, सञ्चार माध्यम, विभिन्न पाठ र विषयहरू सुनेर प्रतिक्रिया व्यक्त गर्न,

च) साहित्यिक विधाका पाठ सुनी प्रश्नोत्तर गर्न र विचार निर्माण गरी व्यक्त गर्न,

छ) वक्तृता, सम्बाद, छलफल जस्ता अभिव्यक्ति सुन्न, तीनमा भाग लिन र त्यहाँ भएका विचारहरू पहिचान गर्न,

ज) देखे सुनेका, अनुभव गरेका वा पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाइ मौखिक वर्णन गर्न,

झ) स्रोताहरूको अवस्था, प्रस्तुतीको योजना तथा परिवेश अनुसार विचार प्रस्ततु गर्न,

ञ) गति, यति, लय, हाउभाउ, अभिनय तथा बोलाइ पाठको अभिप्राय ख्याल गरी सन्दर्भ मिलाएर मौखिक अभिव्यक्ति गर्न,

ट) समूह छलफल, प्रस्तुती, मौखिक सूचना, तार्किकता आदिको ख्याल गरी विचार प्रदर्सन गर्न,

ठ) मौखिक पाठ तथा प्रस्तुती सुनी आफ्नै शब्दमा मुख्य-मुख्य कुरा भन्न,

ड) आफूले भन्न चाहेका कुरालाई समाज, समुदाय, सभा, सम्मेलनमा औपचारिकतासहित शिष्टतापूर्वक भन्न,

ढ) कुनै पाठ सुनि त्यसको मूल विषयका बारेमा अनुमान गर्न,

ण) सामाजिक सन्दर्भ, प्रसङ्ग, वक्ताको अवस्था, अभिवृद्धि र संवेग तथा भाषाको संपेक्षणात्मक प्रकार्यका आधारमा अर्थबोध गर्न सक्ने गरी प्रतिक्रिया दिन,

त) प्रसङ्ग, सन्दर्भ अनुसार उखान टुक्काको प्रयोग गर्न ।

पाठ्यक्रमका सुनाइ र बोलाइ सीपसँग सम्बन्धीत कक्षा दसको नेपाली भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरू राखिएका छन् । पाठ्यपुस्तकमा समाविष्ट गरिएका कथा, कविता, निबन्ध, जीवनी, रूपक, चिठी आदिजस्ता विधाले सुनाइ र बोलाइ सीपको विकासलाई सहयोग पुऱ्याएका छन् । यी विधागत रूपमा राखिएका अभ्यासहरूले पनि सुनाइ र बोलाइ सीपको विकासमा सघाउ पुऱ्याएका छन् । पाठको पृष्ठ ६, २२, ३३, ४२, ४६, ६४, ७४, ९६, ११०, १२१, १३०, १३७, १५७ मा समाविष्ट भएका अभ्यासहरूले शुद्ध र स्पष्टसँग उच्चारण गर्न सुनाइ र बोलाइ सीपलाई समेटेको पाइन्छ । पृष्ठ १२, २२, ४१, ६४, ७४, ८५, ९६, ११०, १३० मा राखिएका अभ्यासले हाउभाउका साथै अभिनयमा समेत ध्यान दिँदै शुद्ध, स्पष्ट ढङ्गले बोल्न सक्ने क्षमताको विकास गर्न सुनाइ र बोलाइ सीपलाई समेटेको छ । अरूले वर्णन गरेका कुराहरू सुनि आफ्नो शब्दमा भन्ने अभ्यासका लागि पृष्ठ ५, ११, २२, ३३, ४१, ६४, ८५, ९६, ११० मा

राखिएको छ । आफूले देखेका, सुनेका, अनुभव गरेका घटना, वस्तु, वातावरण, सांस्कृतिक पक्ष, राजनैतिक, धार्मिक, प्राकृतिक वस्तु तथा वातावरणका विषयमा सिलसिलाबद्ध ढङ्गबाट मौखिक वर्णन गर्ने अभ्यासमा पृष्ठ ६, १२, ४१, ४६, ६४, ८५, १४७ मा राखिएको छ । मौखिक अभिव्यक्ति अन्तर्गत छलफल, कुराकानी, संवाद, वादविवाद, आलोचनालाई ध्यानपूर्वक सुनि तिनमा भाग लिनका लागि पृष्ठ २३, ४१, ६४, ७४, ८५, ९५, ९६, १३०, १४७ मा अभ्यासहरू राखिएको छ । प्रत्येक पाठको अभ्यासमा सुनेर उत्तर भन्ने अभ्यासहरू राखिएका छन् । जसले सुनाइ र बोलाइ सीपलाई सहयोग गरेको छ । यसैगरी छलफल, श्रुतिबोध जस्ता अभ्यासहरू प्रायः सबै पाठहरूमा राखिएका छन् । यसले पनि सुनाइ र बोलाइ सीपलाई विकास गर्ने काम गर्दछ । यसका साथै साहित्यका विधाहरू सुनेर प्रतिक्रिया व्यक्त गर्ने अभ्यासहरू पनि प्रत्येक पाठहरूमा थोरबहुत रूपमा राखिएको छ । जसले सुनाइ र बोलाइ सीपलाइ विकास गराउने प्रयास गरिएको छ ।

### ४.१.२.२ पढाइ

लिखित सामग्रीलाई बुझेर अभिव्यक्त गर्न आधार प्रदान गर्ने सीप पढाइ हो । व्यक्तिको पहिलो खुड्किलो लेख्य भाषालाइ पढ्न जान्नु हो । लिपीबद्ध गरिएका विचारलाई वाचन गर्न सक्नु पढाइ हो । पढाइबाट विचारको ग्रहण, पाठको अनुकूलता अनुसार हुन्छ । विषयवस्तुको स्तरण अनुसारको भाव ग्रहण गर्न सक्ने सामर्थ्य पढाइबाटै हुन्छ (ढकाल, २०६८/०६९ : २५० ) । पढ्न जानेमा आफ्नो सुविधाअनुरूप विषयवस्तुको ज्ञान आर्जन गर्न सकिन्छ ।

पढाइ सीप विकास गराउनका लागि सस्वर पठन र मौन पठनको प्रसस्त अभ्यास गराउनु पर्दछ । कक्षा दसको भाषा पाठ्यपुस्तकले पनि पढाइ सीप विकास गराउनको लागि विभिन्न प्रकारका उद्देश्यहरू राखेको छ । ती उद्देश्य परिपूर्ति गर्न पाठ्यपुस्तक कतिको उपयोगी छ भन्ने बारेमा अध्ययन गर्नका लागि पढाइ सीप अन्तर्गत १५ वटा उद्देश्य निर्धारण गरिएको छ । जसलाई निम्न अनुसार उल्लेख गरिएको छ :

क) लिखित सामग्रीलाई गति, यति र लय मिलाइ शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न,

ख) निश्चित समय तोकी लिखित सामग्रीको पठनमा सन्दर्भ र भाव अनुसार गति मिलाइ पढ्न,

ग) लिखित सामग्रीको मौनपठनमा पढाइको गति विकास गर्ने गरी छिटो छिटो पढ्न,

घ) साहित्यिक विधा, पाठ तथा तिनका विशिष्ट अंश पहिचान गरी व्याख्या र सप्रसङ्ग व्याख्या गर्न सक्ने गरी पढ्न,

ङ) पाठको संरचना, उद्देश्य, सुचना तथा अनुमानित अभिप्रायको बोध गर्न सक्ने गरी पढ्न,

च) विभिन्न प्रकारका भाषिक पाठहरूको उद्देश्य पहिचान गर्ने गरी पढ्न,

छ) पाठमा प्रयुक्त भाषाको प्राज्ञिक, प्राविधिक र तार्किक पक्षको पहिचान गरी पढ्न,

ज) प्रयोजन अनुसार प्रस्तुत भएका पाठ पढी शब्दभण्डार वृद्धि गर्न,

झ) लिखित सामग्रीको प्रयोजन ख्याल गरी पढ्न र ति सामग्रीको पहिचान गर्न सक्ने गरी पढ्न,

ञ) हिज्जे (वर्णविन्यास) र लेख्य चिह्नहरूका सङ्केतका आधारमा शुद्धसँग पढ्न,

ट) साहित्यिक विधाका पाठमा व्यक्त भएका सामाजिक, सांस्कृतिक सन्दर्भका बारेमा प्रतिक्रिया दिन सक्ने गरी पढ्न,

ठ) भाषाका पाठमा प्रयुक्त संरचनाका आधारमा मुख्य घटनालाई क्रम मिलाइ अभिव्यक्त गर्न सक्ने गरी पढ्न,

ड) पाठका प्रयुक्त विशिष्ट प्रकारका गणितीय सङ्ख्यापरक तथा तिथिमितियूक्त सूचना पत्ता लगाई तिनको तालिकीकरण गर्न सक्ने गरी पढ्न,

ढ) आलोचनात्मक सोचको निर्माण गर्नेगरी विभिन्न प्रकारका लिखित सामग्री पढ्न ।

कक्षा दसको नेपाली पाठ्यपुस्तकमा पठनबोध सम्बन्धी अभ्यासहरू हेर्दा लिखित सामग्रीलाई गति, यति, लय मिलाइ, शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न भन्ने उद्देश्यकालागि

कविता खण्डमा अभ्यास एक र कथा खण्डमा गति, यति मिलाइ वाचन गर्ने भन्ने उद्देश्यमा पनि अभ्यास एकमा नै राखिएको पाइन्छ । समग्रमा ७५, १३७ पृष्ठमा राखिएको छ भने अन्य पाठहरूमा पाइदैन । लिखित सामग्रीलाई मौन पठनमा छिटो-छिटो पढ्न भन्ने उद्देश्यकोलागि पृष्ठ ६५ र ७५ मा स्पष्ट भनिएको छ । साहित्यिक विधा, पाठ तथा तिनका विशिष्ट अंश पहिचान गरी व्याख्या र सप्रसङ्ग व्याख्या गर्न सक्ने गरी पढ्न भन्ने उद्देश्यका लागि पृष्ठ ६, १२, २३, ३४, ४१, ६५, ७५, ८५, ११२, १३० पृष्ठको अभ्यास खण्डमा उल्लेख गरिएको छ ।

विभिन्न प्रयोजनका लागि लिखित सामग्रीको मौन वाचन गर्न भन्ने उद्देश्यलाई पुरा गर्ने खालका मौन वाचन सम्बन्धी सबै अभ्यासहरू पर्याप्त मात्रामा देखिन्छ । विभिन्न प्रयोजनका लागि साहित्यिक तथा अन्य विधाहरूका उद्देश्य पुरा गर्नका लागि पाठले भन्न खोजिएको मुख्य-मुख्य विधा भन्न भन्ने प्रश्नहरू राखिएका छन् । यसरी सुक्ष्म रूपमा अध्ययन गरी यि सम्पूर्ण अभ्यासहरू पढाइभन्दा पनि लेखाइतिर झुकाव राखेको देखिन्छ । पाठ्यक्रमले विभिन्न स्रोतका सामग्रीबाट शब्दभण्डार क्षमताको वृद्धि र विकास गर्छ भन्ने उद्देश्य राखिएकोमा यसलाई पुरा गर्नकालागि प्रत्येक पाठमा शब्दभण्डार सम्बन्धी अभ्यास राखिएको छ । प्रत्यक पाठको वाक्यको क्रम मिलाउन मात्र दिइएको छ । यतिले मात्र विद्यार्थीको वौद्धिक क्षमतको वृद्धि हुन नसक्ने भएकाले पाठका प्रयुक्त भएका केही सजिला र केही अप्ठ्यारा वाक्य दिएर अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउने अभ्यास राखेमा राम्रो देखिन्छ । कुनै पनि पाठलाई सस्वर वाचन गर भन्ने कुरामात्र जोड दिनुभन्दा लेख्य चिह्नलाई ख्याल गरेर पढ्ने कुरामा जोड दिँदा राम्रो र मापनीय हुने देखिन्छ । विभिन्न मुद्रित तथा विद्युतीय सामग्रीलाई रूचिपूर्ण पढ्न भन्ने उद्देश्यकालागि पुरा गर्ने खालका अभ्यासहरू पाइदैन ।

### ४.१.२.३ लेखाइ

सुनेका, देखेका, पढेका, जानेका कुरालाई लिपी चिह्नद्वारा अभिव्यक्त गर्ने भाषिक कार्यकलापलाई लेखाइ भनिन्छ । लिखित अभिव्यक्ति, मौखिक अभिव्यक्तिको प्रतिकात्मक प्रयोग हो

। भाषिक अभिवृद्धिद्वारा सीपको विकास गर्ने भाषा पाठ्यक्रमले लेखाइ सीपको उद्देश्य समेटिएको छ । कक्षा दसको नेपाली पाठ्यक्रममा लेखाइ सीप अन्तर्गत १५ वटा उद्देश्य समेटिएको छ । जुन उद्देश्य यस प्रकार छन् :

क) वर्णविन्यास (हिज्जे) र लेख्य चिह्नहरू मिलाइ सफा, शुद्ध र स्पष्टसँग लेख्न,

ख) विभिन्न प्रकारका सूचना संकलन गरी तिनको संश्लेषण गरी लेख्न,

ग) लेखिएका सामग्रीको सम्पादन र परिष्कार तथा पुन : सम्पादन र पुन : परिष्कार गरि लेख्न,

घ) कुनै पनि विषय शीर्षकमा अर्थपूर्ण, क्रमबद्ध तथा प्रभावकारी रूपमा अनुच्छेद रचना गर्न,

ङ) आफूले देखेसुनेका, अनुभव गरेका घट्ना र पढेका विषयवस्तुका बारेमा सिलसिला मिलाएर लिखित वर्णन गर्न,

च) उद्देश्यमूलक सूचना र विषयवस्तुका बारेमा प्रतिक्रिया व्यक्त गर्न, अभिलेख राख्न, वर्णन गर्न, विश्लेषण गर्न,

छ) पढेका विषयका मुख्य-मुख्य बुँदा टिपोट गर्न र साराश लेख्न,

ज) साहित्यिक विधा र पाठहरूको विश्लेषण गर्न र विशिष्ट अंशहरूको व्याख्या र सप्रसङ्ग व्याख्या गर्न,

झ) दैनिक व्यवहारका उपयोगी हुने निवेदन, निमन्त्रण र शुभकामना पत्रहरूको रचना गर्न,

ञ) उपयुक्त शैली र ढाँचामा संवाद र वादविवाद लेख्न,

ट) विभिन्न प्रयोजनपरक क्षेत्रका शब्द तथा प्रचलित उखानटुक्काहरूको सन्दर्भ अनुसार अर्थ स्पष्ट हुनेगरी वाक्यमा प्रयोग गर्न,

ठ) लिखित अभिव्यक्तिका क्रममा व्याकरणका आधाभूत नियम पालन गरी लेख्न,

ड) विभिन्न विधा तथा भाषिक पाठमा आधारित भई लिखित रूपमा स्वतन्त्र, मौलिक र सिर्जनात्मक अभिव्यक्ति प्रकट गर्न,

ढ) विभिन्न विषयमा विवरणात्मक, तार्किक, विश्लेषणात्मक र मूल्याङ्क अभिव्यक्ति प्रस्तुत गर्न,

ण) कुनै निश्चित विषयमा आलोचनात्मक सोच निर्माण गरी लेख्न ।

पाठ्यक्रमले राखेका उद्देश्य पुरा गर्नका लागि अभ्यासमा पाठ पढी संक्षिप्त उत्तर लेख्न भन्ने अभ्यास राखिएको छ । धेरैजसो पाठमा शब्द दिएर अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर. भन्ने अभ्यास राखिएको छ । जसले शब्द भण्डार क्षमतामा वृद्धि गराउँछ । पाठ्यक्रमले राखेका उद्देश्य पुरा गर्नकालागि सारांश लेखन पनि राखिएको पाइन्छ । पाठ : पाँचमा अपाङ्गतका बारेमा र पाठ : सातमा गरिब र धनि बीचको वर्गिय असन्तुलन नमिल्दा उत्पन्न हुने समस्याको अनुच्छेद लेखन, अभ्यास राखिएको छ । लेख्य चिह्नहरूको उपयुक्त प्रयोग गर्न भन्ने उद्देश्य पूर्तिका लागि पाठ : दुईको अभ्यास पाँचमा राखिएको छ । पढेका विषयमा मुख्य-मुख्य बुँदा टिपोट गर्नका लागि पाठ २, पाठ : ३, पाठ : ४, पाठ : ७, पाठ : ९, पाठ : १०, पाठ : १३ र पाठ : १६ को अभ्यासमा राखिएको छ । साहित्यिक विधा र पाठको विश्लेषण र विशिष्ट अंशको व्याख्या गर्न पाठ : १ को अभ्यास : १५ र अभ्यास : १६, पाठ : ४ को अभ्यास : १५ र १६, पाठ : ५ को अभ्यास १२, १३ र १४, पाठ : ८ को अभ्यास : १४, १५ र १६ मा राखिएको पाइन्छ । संवाद र वादविवाद लेखनका लागि पाठ : १० को अभ्यास १० र पाठ : १५ को अभ्यास १४ मा राखिएको छ । अनुच्छेद, चिठी, निवेदन, कथा, प्रबन्ध, जीवनी, वक्तृत्वलाई सिलसिला मिलाएर लेख्ने सीपको विकास गर्नको लागि पाठ : १ को अभ्यास : १३, पाठ : २ को अभ्यास : १५ र १६, पाठ : ६ अभ्यास : १३, पाठ : ७ को अभ्यास १८, १९, पाठ : ९ को अभ्यास : १६, १७, १८, १९, २०, पाठ : ११ को अभ्यास २०, पाठ : १२ को अभ्यास १३, १४, १५, पाठ : १३ को अभ्यास : २२, पाठ : १४ को अभ्यास १५, १६, १७ र पाठ : १६ को अभ्यास : १० र १३ मा राखिएको अभ्यासले उद्देश्यप्राप्तिमा सहयोग पुऱ्याएको देखिन्छ । प्रत्येक पाठका अभ्यासहरूमा शब्दलाई लिखित रूपमा उपयुक्त ढङ्गले प्रयोग

गर्नका लागि राखिएको उद्देश्यपूर्तिका लागिसहयोगी देखिन्छन् । व्याकरणसम्मत वाक्य रचना गर्ने सीपको विकास गर्नका लागि आधुनिक सिकाइ परम्पराबाट विभिन्न पाठहरूमा अभ्यास राखिएका छन् । सङ्गती, काल, पक्ष, भाव, वाच्य, परिवर्तन, वाक्य, शब्दवर्ग, कारक र विभक्तिलाई कार्यमूलक व्याकरणबाट सिकाउने प्रयास गरेको भेटिन्छ । यो सकारात्मक पक्ष हो ।

## ४.२ आकृति, प्रकृति र पाठ्यपुस्तक

बालबालिकामा तर्क, बुद्धि आदिको मात्रा भाषिक क्षमतामा निर्भर हुने गर्दछ । पाठ्यपुस्तकमा प्रयोग गरिने भाषा स्तरीय मानक र विशुद्ध हुनुपर्दछ । कक्षा दसको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त भाषा स्तरीय र मानक भन्ने हुन सकेको छैन । पाठ्यपुस्तकमा मिश्रित भाषाको बढी प्रयोग भएको पाइन्छ । उक्त पाठ्यपुस्तकमा संस्कृत, नेपाली, हिन्दी, फारसी, अङ्गेजी आदि भाषाका शब्दहरूको प्रयोग भएको भेटिन्छ । लेखक वा रचनाकारले कृति छनोट गर्दा जस्तोसुकै होस् ख्यालै नगरी जस्तोसुकै लेखकको कृतिलाई साभार गरिएको छ । स्तर अनुरूप पाठ्यवस्तु प्रयोग भएको पाइदैन । जसले गर्दा पाठ्यपुस्तकमा प्रस्तुत गरिएका विषयवस्तुमा भाषिक स्तरीयता खस्कन पुगेको छ । उक्त पाठ्यपुस्तकमा वर्णविन्यासगत त्रुटिहरू पनि प्रशस्त भेटिन्छन् । अनुच्छेदमा विद्यार्थीको स्तर अनुरूप प्रस्तुतीकरण हुन सकेको छैन । कुनै पाठमा प्रयुक्त भाषा एकदमै सरल छन् भने कुनै पाठमा प्रयुक्त भाषा एकदमै जटिल प्रकृतिको भेटिन्छ । केही निबन्धहरूमा प्रयुक्त भाषिक संरचना ज्यादै जटिल रहेको भेटिन्छ । कविता बाहेक अन्य शीर्षकमा २५६ वटा अनुच्छेदहरू रहेका छन् भने सबैभन्दा धेरै अनुच्छेद लक्ष्मीपूजा भन्ने कथामा रहेका छन् । जसमा ८७ वटा अनुच्छेदहरू समावेश गरिएको पाइन्छ । त्यस्तै गरी व्यापारिक चिठी शीर्षक चिठीमा सबैभन्दा कम ६ वटा अनुच्छेदमात्र समावेश गरिएको देखिन्छ ।

पाठ्यपुस्तकमा राखिएका कविता विधा भने मध्यम किसिमका छन् । त्यसमा पनि सबैभन्दा छोटो पङ्ती भएको कविता पारिजातद्वारा रचित **म सडक बोल्दैछु** रहेका छ । यसरी

सम्पूर्ण पाठहरूलाई नियाल्दा सबैमा फरक-फरक संरचनामा निर्मित भएको भेटिन्छ । कक्षा दसको नेपाली पाठ्यपुस्तकमा समावेश भएका पाठहरूलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १

कक्षा दसको नेपाली पाठ्यपुस्तकमा निम्नानुसार पाठहरू राखिएका छन् :

| क्र.सं. | पाठ शीर्षक | विधा | संरचित पृष्ठ |
|---|---|---|---|
| 1 | जन्म भूमि | कथा | ५ |
| 2 | सन्तुष्टि | कविता | २ |
| 3 | सन्दुक रूइत | जीवनी | ७ |
| 4 | थाङ्का | निबन्ध | ५ |
| 5 | म पनि सक्छु | मनोवाद | ४ |
| 6 | व्यापारिक चिठी | चिठी | २ |
| 7 | प्रत्यागमन | कथा | ९ |
| 8 | वर्षा | कविता | ४ |
| 9 | हाम्रो संस्कृति | निबन्ध | ५ |
| 10 | स्थानीयकरण भन्दा व्यापारिककरण बेस | वादविवाद | ७ |
| 11 | लक्ष्मीपूजा | कथा | १० |
| 12 | क्लारा जेट्किन | जीवनी | ५ |
| 13 | जय भूँडी | निबन्ध | ५ |
| 14 | म सडक बोल्दैछु | कविता | २ |
| 15 | टीका | एकाङ्की | ५ |
| 16 | माउजङ बाबुसाहेबको कोट | कथा | ९ |

(स्रोत : कक्षा दशको नेपाली पा.पु)

यसरी माथि उल्लेखित पाठको आकृति प्रकृतिका दृष्टिले पाठलाई सुक्ष्म रूपबाट विश्लेषण गर्दा प्रस्तुत पाठ्यपुस्तकमा रहेका पाठहरू स्तर, तह र उमेर सुहाउँदा र उपयुक्त भेटिन्छन् । यतिमात्र नभएर रमाइला र व्यवाहारिक दृष्टिले पनि उपयुक्त देखिन्छन् । समग्रमा पाठ सुहाउँदा

छन् भने अभ्यास पनि विविधताले भरिएका भाषिक सीप विकासमा तथा सिर्जनात्मक पक्षमा उपयुक्त देखिन्छन् । उक्त पाठ्यपुस्तकमा जम्मा पाठहरूको सङ्ख्या १६ रहेको छ ।

### ४.३ शिक्षण सिकाइ प्रक्रिया र पाठ्यपुस्तक

भाषा पाठ्यक्रमको उद्देश्य चयन गरिएका पाठ्यवस्तुलाई व्यवस्थित क्रममा पाठ्यपुस्तकमा समावेश गरिसकेपछि के-कसरी पढाउने भन्ने कुरा शिक्षण सिकाइ प्रक्रिया हो । भाषा सिकाइ विषयवस्तुको सिकाइ नभएर भाषिक सीपहरूको सिकाइ हो । भाषा प्रत्येक समाजको संस्कृतिको संरक्षण र सम्बद्धन गर्ने उपयुक्त उपाय पनि हो । व्यक्तिको बचाइ, अग्रगति, र उत्तरोत्तर उन्नती र प्रगतिका लागि उसको भाषा र भाषिक व्यवहार जिम्मेवार हुने भएको हुँदा भाषा व्यक्तिको अनिवार्य आवश्यकता हो । कक्षा दसको पाठ्यपुस्तकमा विभिन्न विधाहरूलाई व्यवस्थित ढङ्गले प्रस्तुत गर्नको लागि प्रत्येक विधाका पाठहरूबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइका कार्यकलापहरू अभ्यासका लागि राखिएका छन् । अभ्यासलाई आधार सामग्री बनाइएको छ । सबै पाठहरूमा श्रुतिबोध, शुद्धोच्चारण, पठनबोध, मौखिक अभिव्यक्ति, लिखित अभिव्यक्ति, शब्दभण्डार, वर्णविन्यास, वाक्यगत संक्षिप्त उत्तर, वाक्य गठन, मौखिक लेखन आदि जस्ता अभ्यासहरूका लागि उपयोग गर्नुपर्ने कुरा निर्देश गरेको छ । त्यस्तै पाठहरूबाटै व्याकरणका अभ्यासहरू गराउनुपर्ने कुराको निर्देश गरिएको छ । आवश्यकता अनुसार पाठहरूसँग सम्बन्धीत गर्दै भाषा तत्त्वलाई पाठ्यपुस्तकमा मिलाइएको छ ।

कक्षा दसको नेपाली पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्देश गरेअनुरूप विधाहरूलाई व्यवस्थित ढङ्गले प्रस्ततु गर्ने जमर्को गरिएको छ । विधालाई एक पछि अर्को गर्दै क्रमबद्ध गरिएको छ । सुरूमा कथा त्यसपछि क्रमश : कविता, जीवनी, निबन्ध, मनोवाद, चिठी, कथा, कविता, निबन्ध, वादविवाद, कथा, जीवनी, निबन्ध, कविता, एकाङ्की, कथा गरी १६ वटा पाठहरूलाई चक्रिय ढाँचामा प्रस्तुत गरिएको छ । यसले सिकाइ प्रक्रियालाई रोचक बनाउन सहयोग गरेको छ ।

भाषा तत्त्वलाई पाठको अभ्यास खण्डको अन्त्यमा राखि छुट्टै आवश्यकता अनुरूप पाठसँगको तालमेल मिलाउँदै शिक्षणीय प्रयोजनका लागि मिलाएर राखिएको पाइन्छ । पाठहरूलाई सरलबाट जटिलको क्रममा मिलाउने प्रयास गरिएको पाइन्छ ।

### ४.४ मूल्याङ्कन, अङ्कभार, समयभार र पाठ्यपुस्तक

माध्यमिक तहको नेपाली भाषापाठ्यक्रमले कक्षा दसको नेपाली पाठ्यपुस्तकका लागि १०० अङ्क मूल्याङ्कनका लागि पूर्णाङ्क निर्धारण गरेको छ । पाठ्यक्रमले बनाएको मूल्याङ्कनको ढाँचा भन्दा पाठ्यपुस्तकमा राखिएका अभ्यास खण्डका प्रश्नहरू ज्यादै सान्दर्भिक र भाषिक सीप विकासमा उपयोगी हुने किसिमका छन् । यसमा सुनाइ र बोलाइका लागि २५ प्रतिशत प्रयोगात्मक मूल्याङ्कन गर्नुपर्ने, ७५ प्रतिशत पढाइ र लेखाइका लागि गर्नुपर्ने भनि निर्धारण गरिएको छ । मूल्याङ्कन गर्नुपर्दा ४० प्रतिशत भारको निरन्तर मूल्याङ्कन र ६० प्रतिशत भारको आबधिक मूल्याङ्कन गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । आवधिक मूल्याङ्कका लागि विशिष्टिकरण तालिकाको उपयोग गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । मूल्याङ्कलाई निर्माणात्मक र निर्णयात्मक गरि दुई किसिमले निर्धारण गरिएको छ । निर्माणात्मक मूल्याङ्कनतर्फ विद्यार्थीका दैनिक कार्यकलापहरू, व्यक्तिगत र सामुहिक छलफल, लिखित परीक्षा, हाजिरीजवाफ, प्रश्नोत्तर, कक्षा कार्यकलापको परीक्षण, भाषिक व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेख जस्ता कुराहरू पर्दछन् । निर्णयात्मक मूल्याङ्कन कक्षोन्नतिका लागि अन्तिम परीक्षा पर्दछ । नेपाली भाषाको मूल्याङ्कनमा सुनाइ, बोलाइ, पढाइ, र लेखाइ चार सीपको मापन गरिने कुरा उल्लेख गरिएको छ । कक्षा दसको पाठ्यक्रमले प्रस्तुत गरेको मूल्याङ्कन र अङ्कभारलाई यहाँ निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका नं. २

भाषिक क्षेत्रको मूल्याङ्कन र अङ्कभार

| क्र.सं. | क्षेत्र (पढाइ र लेखाइ) | विधा | अङ्क |
|---|---|---|---|
| 1 | शब्दभण्डार | शब्द पहिचान, शब्दहरूको वाक्यमा प्रयोग | ६ |
| 2 | वर्णविन्यास | शुद्धिकरण | ३ |
| 3 | व्यारकण | पहिचान र प्रयोग (वाक्यकोटी अनुसारको रचना) | 15 |
| 4 | पठनबोध | विभिन्न विधाका गद्य सामग्री | 10 |
| 5 | बुँदा टिपोट र सारांश | गद्य विधा | 2 ± 3 |
| 6 | निर्देशित रचना | कथा/जीवनी/संवाद/वादविवाद | 4 |
| 7 | भाव विस्तार/व्याख्या/सप्रसङ्ग व्यख्या | कथा/कविता/निबन्ध/जीवनी | 4 |
| 8 | पठनबोध (सन्दर्भमा आधारित संक्षिप्त उत्तरात्मक) | कथा/कविता/प्रबन्ध/निबन्ध/तार्किक शिल्प/समस्या समाधान | 8 |
| 9 | पठनबोध (सन्दर्भमा आधारित लामो उत्तरात्मक) | कथा/कविता/प्रबन्ध/निबन्ध/जीवनी | 8 |
| 10 | स्वतन्त्र रचना | निबन्ध | 8 |
| जम्मा | | | 75 |

(स्रोत : माध्यमिक तहको पाठ्यक्रम)

- शब्दभण्डार अर्न्तगतका पाठमा प्रयुक्त विशेष शब्द ( पर्यायवाची, विपरीतार्थी, अनेकार्थी आदि) यसका साथै उखान टुक्का पनि समावेश गरिएको छ ।
- व्याकरण अन्तर्गत निर्दिष्ट पाठ्यवस्तुको पहिचान र प्रयोगको परीक्षण गरिएको छ ।
- पाठ अन्तर्गत विभिन्न गद्य, पद्य विधाका पाठको विषयवस्तु मूलभाव, घटना, सन्देश पात्र आदिका सम्बन्धमा परीक्षण गरिएको छ ।

- बोध अन्तर्गत दृष्टासं वा अदृष्टासं सिकाइका अङ्गका रूपमा रहेको छ ।
- नेपाली विषयको पाठ्यांश भाव प्रति हप्ता ५ घण्टी र वार्षिक १७० घण्टी निर्धारण गरिएको छ ।

माथि उल्लेखित ढाँचा र विवरणलाई हेर्दा भाषिक मूल्याङ्क र अङ्कभारको सम्बन्धमा कक्षा दसको पाठ्यक्रमले पढाइ र लेखाइलाई मूल्याङ्क खण्डमा राखिएको छ । पाठ्यक्रमले १०० पूर्णाङ्क मध्ये २५ पूर्णाङ्कलाई मात्र भएपनि प्रयोगात्मक पक्षमा राख्नु सकारात्मक पक्ष हो । यसले भाषिक सीप विकासमा कक्षा कार्यकलाप, विद्यार्थी कार्यकलापको निरीक्षण, व्यक्तिगत र सामूहिक छलपल, लिखित परीक्षा, प्रश्नोत्तर, कक्षा कार्यकलापको परिक्षण, वक्तृत्वकला, भाषिक व्यवहारको निरन्तर अवलोकन र तिनको अभिलेख गर्नुपर्ने भन्ने पक्षको मूल्याङ्कनको लागि पाठ्यपुस्तकमा विद्यार्थीले गर्नुपर्ने कार्यकलापहरू राखिएको छ । यो कार्यकलाप भने सकारात्मक देखिन्छ । कक्षा कार्यकलापको निरीक्षणलाई मूल्याङ्कन गर्नुपर्छ भन्ने पाठ्यक्रममा प्रष्टसँग तोकिएको छैन र पाठ्यपुस्तकमा पनि स्पष्ट देखिदैन । क्रियाकलापको अवलोकन गर्न सकिने खालका अभ्यासहरू पाठ्यपुस्तकमा छन् तर पनि अभिलेख कसरी राख्ने भन्ने पक्षमा अन्योल नै देखिन्छ । भाषिक अङ्कभारका रूपमा हेर्दा जम्मा ८ अङ्क छुट्याइएको छ । कक्षा दसका लागि त्यति उपयुक्त भने देखिदैछ । पाठ्यपुस्तकले अभ्यासहरू गर्नकालागी विभिन्न विधाहरू राखेको छ यो भने सकारात्मक देखिन्छ । निर्देशित रचनाहरूको लागि अभ्यासहरू जम्मा ३ अङ्कका लागि पनि उपयुक्त नै देखिन्छ । पाठ्यपुस्तकमा शब्दभण्डारका सम्बन्धमा पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, उखानटुक्का आदिमा उखानटुक्काको अभ्यास न्यून देखिन्छ । समस्या समाधानका लागि पनि अभ्यास कम भएको देखिन्छ । स्वतन्त्र रचना भने ठिकै देखिन्छ । त्यसैले पाठ्यक्रमले निर्धारण गरेका भाषिक क्षेत्र र अङ्क भारको वितरण अनुरूप पाठ्यपुस्तक निर्माण गर्दा अझै पनि व्यवस्थित प्रक्रिया अपनाउन आवश्यक देखिन्छ ।

## ४.५ पाठको आकृति-प्रकृति

कक्षा दसको नेपाली पाठ्यपुस्तकमा राखिएका पाठहरूलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ :

तालिका नं. ३

पाठ्यपुस्तकमा भएका पाठको आकृति-प्रकृति

| क्र.सं. | पाठ शीर्षक | विधा | संरचित पृष्ठ | श्लोक/अनुच्छेद सङ्ख्या |
|---|---|---|---|---|
| 1 | जन्मभूमि | कथा | 5 | 22 |
| 2 | सन्तुष्टि | कविता | 2 | 14 |
| 3 | सन्दुक रूइत | जीवनी | 7 | 15 |
| 4 | थाङ्का | निबन्ध | 5 | 11 |
| 5 | म पनि सक्छु | मनोवाद | 4 | 11 |
| 6 | व्यापारिक चिठी | चिठी | 2 | 6 |
| 7 | प्रत्यागमन | कथा | 11 | 73 |
| 8 | वर्षा | कविता | 4 | 8 |
| 9 | हाम्रो संस्कृति | निबन्ध | 5 | 11 |
| 10 | स्थानीयकरणभन्दा व्यापारीकरण बेश | वादविवाद | 7 | 27 |
| 11 | लक्ष्मीपूजा | कथा | 10 | 87 |
| 12 | क्लारा जेटकिन | जीवनी | 5 | 12 |
| 13 | जय भुँडी | निबन्ध | 5 | 13 |
| 14 | म सडक बोल्दैछु | कविता | 2 | 4 |
| 15 | टीका | एकाङ्की | 5 | 48 |
| 16 | माउजङ बाबुसाहेबको | कथा | 9 | 25 |

| | कोट | | | |
|---|---|---|---|---|

(स्रोत : कक्षा दसको नेपाली पा.पु)

कक्षा दसमा पाइने विधागत विविधता र पाठ सङ्ख्यालाई तलको तालिकामा निम्नानुसार देखाउन सकिन्छ :

तालिका नं. ४

विधा र पाठ सङ्ख्या

| क्र.सं. | विधा | कक्षा दस |
|---|---|---|
| 1 | कथा | 4 |
| 2 | कविता | 3 |
| 3 | जीवनी | 2 |
| 4 | निबन्ध | 3 |
| 5 | मनोवाद | 1 |
| 6 | चिठी | 1 |
| 7 | वादविवाद | 1 |
| 8 | एकाङ्की | 1 |

(स्रोत : कक्षा दसको नेपाली पा.पु)

माथि उल्लेखित तालिकालाई हेर्दा कक्षा दसमा राखिएका पाठहरू न सारै छोटा न धेरै लामा छन् । पाठको आकारगत दृष्टिले पाठ्यपुस्तकमा राखिएका पाठ स्तर अनुरूप नै देखिन्छन् । पाठ्यपुस्तकमा राखिएका छोटा पाठहरूको चर्चा गर्दा कविता विधाको पाठहरू पर्न आउँछन् । यसमा पनि सबैभन्दा छोटो **म सडक बोल्दैछु** कविता हो । जसमा चार श्लोक मात्रै छन् ।

पाठ्यपुस्तकमा राखिएका पाठहरूमध्ये सबैभन्दा लामो पाठ **लक्ष्मीपूजा** भन्ने कथामा ८७ वटा अनुच्छेद समावेश गरिएका छन् । जीवनीका पाठहरूमा भने समानतानै पाइन्छ । निबन्ध प्राय : लामा नै छन् तथा अन्य पाठहरू भने पढ्न लेख्न कम समयावधि लाग्ने छन् ।

यसरी पाठको आकृति-प्रकृतिका दृष्टिले कक्षा दसको नेपाली पाठ्यपुस्तकको विस्लेषण गर्नुपर्दा उक्त पाठ्यपुस्तकमा भएका १६ वटा पाठहरू अस्वभाविक र सारै लामा भने छैनन् । निचोडमा भन्नुपर्दा आकार-प्रकारका दृष्टिले ती सबै पाठहरूलाई विद्यार्थीको स्तर, तह, उमेर अनुसार सुहाउदिला र उपयुक्त नै देखिन्छन् ।

**४.६ वैचारिक पक्ष र पाठ्यपुस्तक**

माध्यमिक तह कक्षा दसको नेपाली पाठ्यपुस्तकलाई गहन अध्ययन र विश्लेषण गर्दा यो पाठ्यपुस्तक माध्यमिक तहको शिक्षाले हासिल गरे झैँ भाषिक व्यवहारमा सक्षम सिर्जनशिल नागरिक तयार गर्ने खालका देखिन्छन् । पाठ्यपुस्तक भित्र भएका पाठहरूले राष्ट्रिय परम्परागत, धार्मिक, सांस्कृतिक एवम् सामाजिक र वैचारिक विचारलाई केही रूपमा समेट्न खोजेको देखिन्छ । पाठ्यपुस्तकले हिमाल, पहाड, तराई प्रदेशका विभिन्न रितिरिवाज, चालचलन तथा मूल्यमान्यताप्रति भने पूर्ण रूपमा वेवास्ता गरेको देखिन्छ । विभिन्न जातजाति, भाषाभाषी तथा सम्प्रदायका मूल्यमान्यता, विज्ञान र प्रविधिजस्ता क्षेत्रमा भएका नवीनतम् उपलब्धि तथा प्रजातान्त्रिक मूल्य मान्यतालाई पूर्णरूपमा आत्मसाथ गर्न सकेको छैन ।

उक्त पाठ्यक्रमको विश्लेषण गर्दा भाषा पाठ्यपुस्तकले शिक्षाशास्त्रीय दृष्टिकोण र प्रजातान्त्रीक मूल्य-मान्यता, मानव अधिकार तथा बालअधिकार, बालबालिकाको रूचि, स्तर, भाषिक सीप विकासमा भौगोलिक तथा धार्मिक विविधता, अभिभावक तथा सरोकारवालाहरूको चाहाना तथा राष्ट्रिय एकता र सार्वभौमिकतालाई समेत समेट्न आवश्यक देखिन्छ । यसका साथसाथै विश्वमानवतामा हाम्रो जीबन्त अनुभवहरूलाई समेट्न सकेको छैन । यी सबै पक्षलाई आत्मसाथ गर्न आवश्यक देखिन्छ ।

**४.७ कक्षा दसको नेपाली पाठ्यपुस्तकको साहित्यिक विधाहरूको व्याख्या तथा विश्लेषण**

**४.७.१ कक्षा दसको नेपाली पाठ्यपुस्तकमा रहेका विभिन्न साहित्यिक विधाहरू पाठ्यक्रम अनुरूप भए/नभएको अध्ययन**

एउटा सिङ्गो पाठ्यपुस्तक निर्माण गर्नका लागि विभिन्न विधाहरू आवश्यक पर्दछन् । पाठ्यपुस्तकमा कुनै पनि एउटा विधाले मात्र पूर्णता नपाउने भएकाले शिक्षाको लक्ष्य र उद्देश्य पूरा गर्नका लागि कथा, कविता, जीवनी, निबन्ध, मनोवाद, चिठी, एकाङ्की आदि जस्ता विधालाई क्रमबद्ध रूपमा रूपमा सुत्रबद्ध ढङ्गबाट साभार गराउनु पर्दछ । तबमात्र असल पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माण हुन सक्छ ।

**४.७.१.२ कथा**

भाषिक सीप विकासलाई सघाउ पुऱ्याउने विभिन्न विधाहरूमध्ये कथा विधा साहित्यको अत्यन्तै रोचक विधा हो । भाषाका प्राचीनता र रोचकताले गर्दा यसलाई विद्यालय तहका पाठ्यक्रममा पर्याप्त स्थान दिइएको पाइन्छ । कथाका माध्यमबाट भाषा सिकाइलाई रूचिपूर्ण र सुगमताका साथै विद्यार्थीहरूमा कल्पनाशक्ति र सिर्जनशील शक्ति बढाउन र साहित्यप्रति रूचि जगाउन त्यत्तिकै सहज हुन्छ । कक्षा शिक्षणको प्रयोजन साहित्यिक आस्वादन गराउनु, भाषिक परिस्कारका साथै मनोरञ्जन दिन, विषयबोध र रूचिपूर्ण सम्वर्द्धन गर्नुका साथै उपदेश अनुशासन, चरित्र निर्माण र सिर्जनशील क्षमताको विकास गर्नु हो (शर्मा र पौडेल, २०६० : १९८) । कथा विधामा कथन शैली पाठनशैली, बोध तथा चरित्र चित्रण जस्ता उच्च दक्षताका क्रियाकलापमूखी अभ्यासहरू समावेश गरिनुपर्दछ । यसैगरी शब्दभण्डार र पठनक्षमताको विकास गराउनको लागि पनि सहयोग गर्दछ । पाठ्यक्रम अनुरूप कक्षा दसको नेपाली विषयको पाठ्यपुस्तकमा चारवटा कथालाई छनोट गरिएको छ । पाठ्यक्रम अनुरूप कथाहरूलाई राखिएको छ, छैन भनी राखिएका कथाहरू निम्नानुसार हुन् ।

तालिका नं. ५

कथा

| क्र.सं. | कथाको शीर्षक | लेखक |
|---|---|---|
| 1 | जन्मभूमि | |
| 2 | प्रत्यागमन | गुरूप्रसाद मैनाली |

| | | |
|---|---|---|
| 3 | लक्ष्मीपूजा | गोविन्द बहादुर मल्ल 'गोठाले' |
| 4 | माउजङ बाबुसाहेबको कोट | भवानी भिक्षु |

कक्षा दसको नेपाली पाठ्क्रमले चारवटा कथाहरू निर्दिष्ट गरेको छ । जसमा मनोवैज्ञानिक कथा, पौराणिक र सामाजिक कथाहरू चयन गरिएको छ । कक्षा दसको नेपालीपाठ्यपुस्तकले पनि पाठ्यक्रमले लेखिएको कथाहरूलाई नै प्रस्तुत गरेको छ । त्यसैले कक्षा दसको नेपाली विषयको पाठ्यपुस्तकमा रहेको कथा विधाले महत्त्वपूर्ण स्थान ओगटेको छ ।

### ४.७.१.२ कविता

कविता भाषाको विशिष्ट तथा लयात्मकताको आग्रह राख्ने विधा हो ।कविता नितान्त भाव प्रधान विधा हो । कवितामा वुद्धि पक्षको भन्दा हृदय पक्षको उपस्थिति ज्यादा हुन्छ । साहित्यिक रसस्वादनका लागि तथा सृजना गर्न तर्फ प्रेरित गराउन सकिने महत्त्वपूर्ण विधा कविता हो । यसले बालबालिकाहरूलाई काल्पनिक, भावनात्मक विकासमा सहयाग पु¥याउँछ । कविता विधामा पाठ्यक्रमको उद्देश्य पूर्ति गर्नका लागि पाठमा लयबद्ध वाचन गर्न, भाव विस्तार गर्न, सप्रङ्ग व्याख्या गर्न तथा सृजनात्मक अभ्ध्यास गराउन सकिन्छ । कक्षा दसको नेपाली विषयको पाठ्यक्रमले कविता विधाहरू के-कति राखिएको छ, ति कविताहरू पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकमा समावेश गरिएको छ की छैन भनि यस अध्ययमा खोजी गर्ने कार्य गरिएको छ । उक्त पाठ्यपुस्तकमा निम्नलिखित कविताहरू रहेका छन् ।

तालिका नं. ६

कविता

| क्र.सं. | शीर्षक | लेखक |
|---|---|---|
| १ | सन्तुष्टि | भरतराज पन्त |
| २ | वर्षा | लक्ष्मीप्रसाद देवकोटा |
| ३ | म सडक बोल्दैछु | पारिजात |

(स्रोत : कक्षा दसको नेपाली पा.पु)

कक्षा दसको नेपाली विषयको पाठ्यक्रमले तीनवटा कविता निर्दिष्ट गरेको छ । पाठ्यक्रमले नीतिप्रधान, प्रकृतिप्रधान र समाजप्रधान कविता निर्धारण गरेको छ । पाठ्यपुस्तकमा पनि त्यही अनुरूप समावेश गरिएकाले पाठ्यक्रम अनुरूपताका आधारमा पाठ्यपुस्तकमा कविता विधा उपयुक्त भएको पाइन्छ ।

### ४.७.१.३ जीवनी

जीवनी मुख्यत : पाठ्य विधा हो । यसले विद्यार्थीमा पढाइ र लेखाइ सीपको वृद्धि गर्दछ । जीवनीमा छनोट गरिएका महापुरूषहरू राजनैतिक, सांस्कृतिक, साहित्यिक र कलाकारका साथै विज्ञान र प्रविधीका क्षेत्र हुन सक्छन् । जीवनीमा राष्ट्रिय र अन्तराष्ट्रिय जगतमा प्रख्यात व्यक्तिहरूको इतिहासलाई तथ्यपरक ढङ्गबाट प्रस्तुत गरिएको हुन्छ । जीवनी शिक्षणबाट विद्यार्थीहरूले महापुरूषको स्वभाव, चरीत्र, यिनीहरूले गरेका राम्रा कामहरूको अनुशरण गर्ने बानीको विकास हुन्छ । विद्यार्थीको वोध र अभिव्यक्ति क्षमताको विकास, आत्मबलको वृद्धि हुनाका साथै शब्दभण्डार क्षमताको वृद्धि हुन सक्छ । त्यसैले कक्षा दसको नेपाली पाठ्यपुस्तकले के-कति र कस्ता विषयवस्तुमा आधारित रहेर जीवनी विधालाई निर्देश गरेको छ ?, पाठ्यक्रमको निर्देश अनुसार पाठ्यपुस्तकमा समावेश गरिएको छ/छैन ? भनि अध्ययन गरिएको छ । पाठ्यक्रमले जम्मा दुईवटा जीवनी विधा निर्दिृष्ट गरेको छ । जुन पाठ्यपुस्तकमा समावेश गरिएका जीवनीहरू यस प्रकार रहेका छन् :

तालिका नं. ७

जीवनी

| क्र.सं. | विधा | क्षेत्र |
|---|---|---|
| १ | सन्दुक रूइत | सामाजिक |
| २ | क्लारा जेटकिन | राजनैतिक |

(स्रोत : कक्षा दशको नेपाली पा.पु)

कक्षा दसको नेपाली विषयको पाठ्यक्रमले दुईवटा जीवनी विधालाई निर्देश गरेको छ जसअनुरूप कक्षा दसको नेपाली पाठ्यपुस्तकमा दुईवटा जीवनी विधालाई समावेश गरिएको छ । पाठ्यक्रमले निर्धारण गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय व्यक्तित्त्वहरूको जीवनीमध्ये सामाजिक र राजनैतिक व्यक्तित्त्वलाई छनोट गरेर तथ्यपरक विचारलाई जीवनीका माध्यमबाट पाठ्यपुस्तकमा समावेश गरिएको छ । उक्त अध्ययनबाट विश्लेषण गर्दा जीवनी विधा पाठ्यक्रमका आधारमा उपयुक्त देखिन्छ ।

### ४.७.१.४ निबन्ध/प्रबन्ध

निबन्धको शाब्दिक अर्थ बाँध्नु, सङ्ग्रह गर्नु, व्यवस्थित गर्नु हो । यो साहित्यको मझौला विधा हो । निबन्ध/प्रबन्ध विधामा लेखकका अनुभव, अनुभूती र दृष्टिकोणहरू व्यक्त भएका हुन्छन् । साहित्यको गद्य विधा भएकाले बोध र अभिव्यक्ति क्षमताको विकास गराउन, शब्दभण्डार क्षमताको विकास गराउन जस्ता उद्देश्य रहेको पाइन्छ । कक्षा दसको नेपाली पाठ्यक्रमले के-कस्ता र कति निबन्ध/प्रबन्ध निर्धारण गरेको छ ? यसै अनुरूप पाठ्यपुस्तकमा समावेश गरिएको छ की छैन भन्ने सन्दर्भमा प्रस्तुत अध्ययन गरिएको छ । उक्त पाठ्यपुस्तकले निम्नअनुसारका निबन्ध/प्रबन्ध समावेश गरेको छ :

तालिका नं. ८

निबन्ध/प्रबन्ध

| क्र.सं. | शीर्षक | लेखक |
|---|---|---|
| १ | थाङ्का | ................ |
| २ | हाम्रो संस्कृति | ................ |
| ३ | जय भूँडि | भैरव अर्याल |

(स्रोत : कक्षा दसको नेपाली पा.पु)

### ४.७.१.५ रूपक

रूपक अभिनयात्मक विधा हो । यसमा विषयवस्तुले प्रस्तुत गरेका वस्तु, चरित्र वा दृश्यलाई रङ्गमञ्चमा प्रदर्सन गर्न सकिन्छ । रूपकको प्रस्तुत प्रत्यक्ष रूपमा हुने गर्दछ । यसका माध्यमबाट प्रभावकारी सन्देश व्यक्ति तथा समाजलाई दिन सकिन्छ । यो अभिनय प्रदान भएकाले यसका माध्यमबाट दिइने शिक्षा लामो समयसम्मका लागि सम्झनामा रहन्छ । रूपक शिक्षणको मुख्य प्रयोजन बालबालिकाको अभिव्यक्ति कौशलताको विकास गर्नु हो । यतिमात्र नभएर सन्देशमूलक सूचना दिनु कथ्य अभिव्यक्ति क्षमतामा वृद्धि गर्नु हो । यस्ता भाषिक सीप विकासमा सहयोग पुऱ्याउने भएका कारणले यसलाई नेपाली भाषा पाठ्यक्रमले पाठ्यवस्तुका रूपमा राखेको छ । रूपक विधामध्ये कक्षा दसको नेपाली पाठ्यपुस्तकमा निम्नलिखित रूपमा विधा राखिएको छ ।

तालिका नं. ९

रूपक

| क्र.सं. | शीर्षक | पाठ |
|---|---|---|
| १ | स्थानीयकरणभन्दा व्यापारिकरण वेश | वादविवाद |
| २ | टीका | एकाङ्की |
| ३ | मपनि सक्छु | मनोवाद |

(स्रोत : कक्षा दसको नेपाली पा.पु)

कक्षा दसको नेपाली भाषापाठ्यक्रमले रूपक विधा अन्तर्गत तीनवटा शीर्षकहरू निर्धारण गरेको छ । सोही अनुसार कक्षा दसको नेपाली पाठ्यपुस्तकमा पनि जम्मा तीनवटा शीर्षकहरू रूपक विधा अन्तर्गत राखिएको पाइन्छ । रूपक विधाका पाठहरूमध्ये पाठ्यक्रमले १वटा वादविवाद, १ वटा एकाङ्की मनोवाद राख्नुपर्ने कुरा निर्देश गरेको छ । कक्षा दसको नेपाली पाठ्यपुस्तकमा यही अनुरूपका उपशीर्षकहरू राखिएको भेटिएकाले रूपक विधा पाठ्यक्रम अनुकूलताका आधारमा उपयुक्त देखिन्छ ।

### ४.७.१.६ चिठी

चिठी लेखाइ सीपसँग सम्बन्धीत विधा हो । यस विधाको शैक्षिक उद्देश्य भनेको चिठी लेखन कलाको विकास गराउनु हो । कार्यालयीय, घरायसी र व्यापारिक चिठी तीन किसिमका हुन्छन् । चिठी लेख्दा धेरै कुरामा विचार पुऱ्याउनुपर्ने हुन्छ । यसमा पाठ्यवस्तुको ढाँचा, मिति, ठेगाना, सम्बोधन, अभिवादन, समापन, प्रस्तुती शिल्प, मौलिकता, आदि कुरामा ध्यान दिनुपर्दछ । चिठी लेखनलाई कक्षामा विभिन्न तरिकाले शैक्षणिक प्रयोजन गर्न सकिन्छ । चिठी भित्र व्यक्त कुराहरू एक-आपसमा बाँझिने हुनुहुदैन । यसका आधारमा कक्षा दसको नेपाली विषयको पाठ्यक्रमले के-कति निर्धारण गरेका छ । पाठ्यपुस्तकले समावेश गरेको छ की छैन भनेर अध्ययन गरिएको छ । पाठ्यक्रमले १ वटा चिठी विधालाई निर्दिष्ट गरेको छ भने पाठ्यपुस्तकले निम्नलिखित चिठी समावेश गरेको छ ।

तालिका नं. १०

चिठी

| क्र.सं. | शीर्षक |
|---|---|
| १ | व्यापारिक चिठी |

(स्रोत : कक्षा दसको नेपाली पा.पु)

कक्षा दसको नेपाली विषयको पाठ्यक्रम र पाठ्यपुस्तकको अध्ययन गर्दा चिठी विधालाई पाठ्यक्रम अनुरूपताका दृष्टिले पाठ्यपुस्तकमा समावेश गरिएको चिठी विधा अन्तर्गत १ वटा व्यापारिक चिठी राखिएको छ । पाठ्यक्रमले निर्धारण गरेका विधाहरू नै पाठ्यपुस्तकमा समावेश भएकाले पाठ्यक्रम अनुरूपताका दृष्टिले पाठ्यपुस्तक उपयुक्त देखिन्छ ।

**४.७.१.७ कार्यमूलक व्याकरण**

व्याकरण भनेको भाषालाई शासनमा राख्नु नभएर अनुशासनमा राख्ने एक नियम हो । भाषा नियममा बाँधिएको हुनुपर्छ । व्याकरण भाषाको प्रयोगमा अर्न्तनिहित संरचना एवम् व्यवस्था

भएकाले पाठभन्दा अलग राखेर हेर्नु त्यति सान्दर्भिक नहुने भएकाले त्यसै अनुरूप कक्षा दसको नेपाली पाठ्यपुस्तकमा पाठसँगै सम्बद्ध गरेर व्यवहारिक प्रयोग तर्फ ध्यान दिएको देखिन्छ।

कक्षा दसको नेपाली पाठ्यक्रमले कार्यमूलक व्याकरणको क्षेत्र र क्रमलाई १६ वटा विभिन्न उपशीर्षकमा राखेर समावेश गरिएको छ। पाठ्यक्रमले संगति राखेको छ। यसभित्र लिङ्ग, वचन, पुरूष र आदर राखेको छ। त्यस्तै अर्को उप-शीर्षकमा काल अन्तर्गत वर्तमान, भूत र भविष्यत् काल रहेको छ। पक्ष अन्तर्गत अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त राखिएको छ। त्यस्तै कारक अन्तर्गत कर्म, करण, सम्प्रदान, अपदान, अधिकरण र विभक्ति राखिएको छ। वाच्य अन्तर्गत कर्तृ, कर्म र भाव वाच्य राखिएको छ। वाच्य अन्तर्गत आज्ञार्थक, सम्भावनार्थक छन्। शब्दका उप-शीर्षक अन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादीबोधक र निपात राखिएको छ। वर्णाविन्यास अन्तर्गत ह्रस्व, दीर्घ, य/ए, ब/व, स/श, ग्याँ/ज्ञ, रि/ऋ, छ/क्ष, त्र/ण आदिको प्रयोग गरिएको छ। यसका साथै पदयोग र पदवियोग समावेश गरिएको छ। वर्णविन्यास तथा वाक्यका प्रकारका उप-शीर्षकमा सरल,संयुक्त र मिश्र वाक्य राखिएको छ। धातु अन्तर्गत सामान्य धातु, नाम धातु, प्रेरणात्मक धातु तथा निपात र विस्मयादीबोधकको पहिचान र प्रयोग गरिएको छ।

यसरी माध्यमिक तहको कक्षा दसको नेपाली पाठ्यपुस्तकलाई कार्यमूलक व्याकरणको आधारमा कार्यमूलक व्याकरणका आधारमा पाठ्यक्रम अनुरूपताका दृष्टिले विश्लेषण र अध्ययन गर्नुपर्दा व्याकरणलाई पाठ्यक्रमले क्षेत्र र क्रमलाई छुट्टै स्थानमा राखेतापनि पाठ्यपुस्तकले एकै ठाउँमा राखी अभ्यास गराएको छ। उक्त व्याकरणमा सम्पूर्ण पक्षलाई क्रमबद्ध ढङ्गबाट समावेश गराइएको छ। व्याकरणले परम्रागत, सैद्धान्तिक, बोझिलोपन र पट्यारलाग्दो नभएर प्रायोगिक र व्यवहारिकता प्रदान गर्ने कोशिस गरिएको छ। पाठ्यक्रमले निर्धारण गरेका सम्पूर्ण पक्षलाई समेट्ने प्रयत्न गरिएतापनि सम्पूर्ण पक्षलाई भने समावेश गर्न सकिएको छैन। यसैगरी कुनै व्याकरणका एउटै शीर्षकलाई पटक-पटक दोहोऱ्याएर अभ्यासमा राखिएको छ भने कुनै

व्याकरणात्मक कोटीले स्थान पाएको छैन । यसले पूर्ण अभ्यासलाई पुन : स्मरणमा सहयोग पुऱ्याउछ तर अन्य शीर्षकले भने उपस्थिती पाउदैनन् । त्यसकारण व्याकरणसम्बन्धी सम्पूर्ण ज्ञान दिनका लागि थोरै थोरै मात्रामा भएपनि सम्पूर्ण शीर्षकहरूलाई समावेश गर्नुपर्ने देखिन्छ । त्यसकारण कार्यमूलक व्याकरणका सम्पूर्ण अभ्यासहरू पाठ्यक्रम र पाठ्यपुस्तकबाट छुट्न नपाउन भनेर उचित ढङ्गबाट पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माणमा पाठ्यक्रम निर्माताले धेरै सचेतता अपनाउनु पर्ने देखिन्छ ।

**४.७.१.८ शब्दभण्डार र उखानटुक्का**

कक्षा दसको नेपाली भाषा पाठ्यपुस्तकमा शब्दभण्डार वृद्धि गर्नका लागि प्रत्येक पाठको पृष्ठको अन्त्यमा शब्द र त्यसले बोध गर्ने अर्थ दिइएको छ । यसै गरी प्रत्येक जसो पाठको पृष्ठको अन्त्यमा शब्द भण्डार शीर्षक राखेर पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, पारिभाषिक, अनुकरणात्मक उखान टुक्का दिएर केही अर्थ बताउछ भने कहीँ कतै अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर भनिएको छ । यसका साथै जोडा मिलाउने अभ्यास, खाली ठाउँ पूरा गर्ने अभ्यास, पाठबाट खोजेर लेख्ने जस्ता अभ्यासहरू राखिएको पाइन्छ । शब्द भण्डारसम्बन्धी अभ्यासहरू पर्याप्त मात्रामा पाइन्छन् भने उखानटुक्काहरूको अभ्यास चाहीँ पाठ्यपुस्तकमा कमै देखिन्छन् र एक दुई स्थानमा उखानटुक्का समावेश गरिएको छ तर पर्याप्त छैन । कक्षा दसको पाठ्यपुस्तकमा विभिन्न नवीन शब्दहरूको प्रयुक्तिलाई जोड दिइएको पाइन्छ । शब्दको पुनरावृत्ति भने खासै गरिएको पाइदैन । विद्यार्थीको तह, स्तर भन्दा केही अप्ठ्यारा शब्दहरूको समेत प्रयोग भेटिन्छ । जस्तै : इन्ट्राओकुलर, महपरिनिर्माण, शिघ्रातिशिघ्र, कान्तिहिन, सलिल कलिली, स्तुत्य जस्ता कठीन शब्दहरू प्रत्येक पाठमा भेटिन्छन् । पर्यायवाची, अनेकार्थी, श्रुतिसमभिन्नार्थक, आदी शब्दको प्रयोग पहिले-पहिलेका पाठ्यपुस्तकमा छुट्टै रूपमा गरिएतापनि पाठ्यपुस्तकले समग्र अभ्यासात्मक कार्यकलापका रूपमा समेटेको छ ।

### ४.७.२ पाठ्यक्रमका क्षेत्र र क्रम अनुरूपताका आधारमा पाठ्यपुस्तकको अध्ययन

माध्यमिक तह कक्षा दसको भाषापाठ्यक्रमले निर्दिष्ट गरेका विधा, क्रम वैज्ञानिक र व्यापक देखिन्छ । यसमा ७ वटा विधाहरूमा समग्री विषयवस्तुलाई पाठ्यक्षेत्रका उद्देश्य परिपूर्तिका लागि मूल विधा, कथा, कविता, निबन्ध, जीवनी, चिठी र रूपक राखेको छ । मूल विधाबाहेक त्यसका उपविधाका रूपमा २४ वटा उपविधा राखेर क्षेत्र र क्रम निर्धारण गरेको छ । जसलाई निम्नलिखित तालिकाद्वारा उल्लेख गरिएको छ :

तालिका नं. ११

कक्षा दसको विधाको क्षेत्र र क्रम तालिका

| क.सं. | विधा | क्षेत्र र क्रम |
|---|---|---|
| १ | कथा | क) पौराणिक<br>ख) सामाजिक<br>ग) मनोवैज्ञानिक |
| २ | कविता | क) नीति प्रधान/संस्कृति प्रधान<br>ख) प्रकृति प्रधान<br>ग) समाज प्रधान |
| ३ | जीवनी | क) राष्ट्रिय व्यक्तित्त्व<br>ख) अन्र्तराष्ट्रिय/विचारक |
| ४ | निबन्ध | क) प्राविधिक/व्यवसायिक<br>ख) सांस्कृतिक<br>ग) सामाजिक |
| ५ | चिठी | क) व्यापारिक चिठी |
| ६ | रूपक | क) मनोवाद<br>ख) वादविवाद |
| ७ | कार्यमूलक व्याकरण | |
| | अ) काल | क) भूत |

| | | |
|---|---|---|
| | | ख) वर्तमान<br>ग) भविष्यत् |
| | आ) सङ्गति | क) लिङ्ग<br>ख) पुरूष<br>ग) वचन<br>घ) आदर |
| | इ) पक्ष | क) अपूर्ण<br>ख) पूर्ण<br>ग) अज्ञात<br>घ) अभ्यस्त |
| | ई) अर्थ र भाव | क) आज्ञार्थक<br>ख) सम्भावनार्थक |
| | उ) वाक्य परिवर्तन | लिङ्ग, वचन, पुरूष, आदर, करण, अकरणका आधारमा |
| | ऊ) वाच्य परिवर्तन | क) कर्तृ वाच्य<br>ख) कर्म वाच्य<br>ग) भाव वाच्य |
| | इ) वाक्य | क) सामान्य<br>ख) संयुक्त<br>ग) मिश्र |
| | ई) शब्दवर्ग | नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादीवोदक, निपात |
| | उ) कारक र विभक्ति | क) कर्ता र कर्म कारक.................<br>ख) विभक्ति (ले, लाई, द्वारा, देखि, बाट, मा, को, का, की, रो, रा, नि) को प्रयोग |
| | ऊ) उच्चारण ( वर्णगत र शब्दगत) | क) घ/ख, छ/झ, थ/ट, थ/ध, न/ण, झ/भ, ज/ध, ब/भ ध्वनिको उच्चारण<br>ख) आरोह, झोकका, भर्त्सना, अग्निमन्दय, निष्पट्ट |
| | ए) लेख्य चिह्न | पूर्ण विराम, प्रश्न चिह्न, अल्पविराम, उद्गार चिह्न, योजक चिह्न र कोष्ठक चिह्न |
| | ऐ) वर्ण विन्यास | क) ह्रस्व, दीर्घ |

| | | |
|---|---|---|
| | | ख) य/ए<br>ग) ब/व<br>घ) स/श/ष<br>ङ) ज्ञ/ग्य<br>च) रि/ऋ<br>छ) छ/क्ष<br>ज) ज्ञ/ण/न<br>झ) पदयोग/पदवियोग |
| ८ | शब्दभण्डार र उखानटुक्का (पाठका प्रयुक्त शब्दहरू) | क) पर्यायवाची<br>ख) विपरीतार्थी<br>ग) अनेकार्थी<br>घ) पारिभाषिक<br>ङ) अनुकरणात्मक<br>च) उखान टुक्का |

(स्रोत : माध्यमिक तहको पाठ्यक्रम)

प्रस्तुत अध्ययन पाठ्यक्रमको क्षेत्र र क्रम अनुरूपताका आधारमा पाठ्यपुस्तकको अध्ययन भएकाले पाठ्यक्रमले तोकिएअनुसार पाठ्यपुस्तकले विधा, क्षेत्र र क्रम मिलाएको छ छैन भनि अध्ययन गर्ने प्रयास गरिएको छ । पाठ्यक्रमले विधाको क्षेत्र सबैभन्दा पहिला कथा राखेको छ । पाठ्यक्रमले पौराणिक, सामाजिक र मनोवैज्ञानिक राखेको छ भने पाठ्यपुस्तकमा पनि सोही अनुसार राखिएको छ । पाठ्यक्रमले कवितालाई नीति प्रधान, प्रकृतिप्रधान र समाज प्रधान राखेको छ भने पाठ्यपुस्तकमा पनि सोही अनुरूप राखेको पाइन्छ । राष्ट्रिय र अन्तराष्ट्रियस्तरका साहित्यकार, कलाकार व्यक्तित्त्व, विचारक गरी पाठ्यक्रम अनुरूप नै २ वटा जीवनी राखिएको छ । निबन्ध, प्राविधिक, सांस्कृतिक र सामाजिक गरी तिनै खालका राखिएको छ । पाठ्यक्रमले चिठी अर्न्तगत राख्न निर्देश गरे अनुसार नै पाठ्यपुस्तकमा पनि सोही अनुसार गरिएको छ । अन्य विधाहरू कविता, रूपक आदि पाठ्यक्रम अनुरूप नै पाठ्यपुस्तकमा समावेश गरिएको भेटिन्छ । यसरी हेर्दा पाठ्यपुस्तकमा पाठ्यक्रमको क्रम अनुरूप पाठहरू राखेको भेटिन्छ । विद्यार्थीहरूको

रूचि, मनोरञ्जनपूर्ण पढाइका प्रारम्भका दृष्टिले पाठ्यक्रमसँग रखाइक्रम उपयुक्त नै रहेको मान्न सकिन्छ ।

### ४.८ आन्तरिक तथा बाह्य पक्षको आधारमा पाठ्यपुस्तकको व्याख्या तथा विश्लेषण

कक्षा दसको नेपाली विषयको पाठ्यपुस्तक विद्यार्थीको भाषिक सीप विकास गर्ने उद्देश्य लिएर बनाइएको पुस्तक हो । यसमा जम्मा १६ वटा पाठहरूलाई समावेश गरिएको छ । यस्तो किसिमको पाठ्यपुस्तक स्तरगत र तहगत रूपमा उपयुक्त हुन त्यसको आन्तरिक तथा बाह्य पक्षमा उपयुक्त हुन जरूरी छ । पाठ्यपुस्तक उपयुक्त छ वा छैन भनेर पत्ता लगाउन यसको आन्तरिक तथा बाह्य पक्षको तत्त्वहरूलाई निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ :

### ४.८.१ आन्तरिक पक्षको आधारमा कक्षा १० को नेपाली पाठ्यपुस्तको विश्लेषण

भाषाशिक्षण सिकाइका दृष्टिले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने आन्तरिक कुरा भाषा पाठ्यपुस्तक हो । भाषापाठ्यपुस्तक देख्दा जतिसुकै आकर्षक भएतापनि यदि त्यो भाषाशिक्षणका दृष्टिले आन्तरिक रूपमा कमजोर छ भने त्यसको कुनै मुल्य र महत्त्व हुँदैन । पुस्तक हेर्न र कोठामा सजाउनको लागि नभएर केवल पढ्न र अभ्यास गर्न तथा भाषिक अपेक्षा हासिल गर्न प्रभावकारी ढङ्गबाट सहयोग पुऱ्याउने विशेषता नै पाठ्यपुस्तकको आन्तरिक विशेषता हो । कुनै पनि तहका लागि उपयुक्त छ छैन भनेर निम्नवमोजिमका तत्त्वका आधारमा कक्षा दसको नेपाली पाठ्यपुस्तकलाई विश्लेषण गरिएको छ :

#### ४.८.१.१ विषयवस्तुको विश्लेषण

पाठ्यवस्तु छनोट गर्ने क्रममा कक्षा दसको नेपाली पाठ्यपुस्तकको पाठ्यक्रमको उद्देश्य परिपूर्ति गर्नलाई सहयोग पुगेको देखिन्छ । भाषिक सीप विकासका लागि विभिन्न विधालाई कथा,

कविता, जीवनी, प्रबन्ध, चिठी, रूपक आदिलाई चयन गरेको छ । भाषा पाठ्यपुस्तकमा विधागत विविधताको क्रममा जम्मा १६ वटा पाठहरू समावेश गरिएको भेटिन्छ । पाठहरूमा राखिएका अभ्यासहरूले सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारैवटा सीपको विकासमा सहयोग पुगेको देखिन्छ र अन्य सीपभन्दा लेखाइ सीपलाई बढी जोड दिएको छ । यसले गर्दा विद्यार्थीहरूमा सिर्जनात्मक क्षमताको विकास हुने देखिन्छ ।

पाठ्यपुस्तकमा समावेश गरिएका पाठहरूले सामाजिक, सांस्कृतिक, प्राकृतिक, लैङ्गिक, वैज्ञानिक, मनोवैज्ञानिक तथा व्यवहारिक पक्षलाई समेटेको भेटिन्छ । पाठ्यपुस्तकमा प्रथम पाठ जन्मभूमि कथा विधामा आफ्नो जन्मभूमिको माया, प्रेम र स्नेह स्वर्गभन्दा पनि महान हुन्छ भन्ने कुरालाई दर्साइएको छ । यस्तै **सन्तुष्टि** भन्ने कवितामा खोक्रो आडम्बरताबाट माथि उठी स्वावलम्बी भई बाँच्न सक्नु नै सन्तुष्टि हुनु हो भनिएको छ। थाङ्का निबन्धमा कला र प्रविधिसँग परिचित हुन सिकाइएको छ। **म पनि सक्छु** भन्ने मनोवादमा अपाङ्गता भएका मानिसहरूले पनि आफ्नो र समाजको भलाइलका लागि योगदान पुर्‍याउन सक्छन् भन्ने कुरालाई प्रष्ट पारिएको छ। त्यस्तै चिठी तथा निवेदनले व्यवहारिक पक्षलाई समेटेको छ । **वर्षा**कवितामा प्रकृतिको बारेमा चित्रण गरिएको छ। त्यस्तै **हाम्रो संस्कृति** भन्ने निबन्धले विविधतामा एकता र आपसी सहिष्णुता हाम्रो संस्कृतिको विशेषता भन्ने कुरालाई जोडदारका साथ अगाडि बढाइएको छ । त्यस्तै स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस भन्ने वादविवादमा आ-आफ्ना तर्क वितर्क पेश गरी तार्किक र वौद्धिक क्षमताको विकास गराउने उद्देश्य राखिएको छ । **लक्ष्मीपूजा** कथामा बालमनोविज्ञानका विविध पक्षको चित्रण गरिएको छ जसबाट बालबालिकाका इच्छा, चाहानालाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने कुरालाई प्रष्ट पारिएको छ । **सन्दुक रूइत र क्लाराजेटकिन** भन्ने जीवनीबाट समाजसेवा, कला, विज्ञानप्रविधिका बारेमा प्रष्ट पारिएको छ । त्यस्तै **जयभूँडी** भन्ने निबन्धमा भुँडिलाई माध्यम बनाएर सामाजिक विकृति र विसङ्गतिलाई प्रष्ट रूपमा उजागर गर्न खोजिएको छ । त्यस्तै **माउजङ बाबुसाहेबको कोट** कथामा अघिल्लो पुस्ताका मानिसहरूको

मनोविज्ञानलाई चित्रण गरिएको छ । जसबाट पुरातनवादी सोच र चिन्तनले मानिसलाई कसरी ग्रसित पारेको रहेछ भन्ने कुरालाई स्पष्ट पारिएको छ । पाठ्यपुस्तकले यी सम्पूर्ण कुराहरूलाई समेट्दा समेट्दै पनि वर्तमान परिवेशको बदलिदो वैज्ञानिक विकासलाई भने सहयोग पुग्ने किसिमको पाठहरू पाठ्यपुस्तकमा समेटेको देखिदैन ।

### ४.८.१.२ शब्दभण्डारको विश्लेषण

भाषा पाठ्यपुस्तकमा समावेश गरिएका शब्दहरू विद्यार्थीको स्तर अनुकूल, भाषिक पृष्ठभूमि र आवश्यकतालाई ख्याल गर्नुपर्नेमा उपयुक्त नै भएको देखिन्छ । भाषा पाठ्यपुस्तकमा प्रयोग गरिएका बोध एवम् अभिव्यक्ति क्षमताको प्रवद्धन गर्ने खालका व्यवहारिक र सान्दर्भिक शब्दहरूको प्रयोग भएको भेटिन्छ । सुरूका पाठहरूमा सरल र आधारभूत शब्दको प्रयोग गर्नुपर्नेमा उपयुक्त  नै देखिन्छ । त्यसैगरी सरलदेखि जटिलताको क्रममा पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, अनुकरणात्मक, श्रुतिसमभिन्नार्थक शब्दहरूलाई दिइएको छ भने केही पाठहरूमा प्राविधिक शब्दहरूलाई पनि चिनाउने प्रयास गरिएको छ । यसरी प्राविधिक शब्द चिनाउने क्रममा पाठ : तीनमा उल्लेख गरिएको छ । आवश्यकता अनुसार लोकोक्ति र उखानटुक्काको क्रमबद्ध प्रयोग भएको देखिन्छ । कक्षा दसको पाठ्यपुस्तकमा कम प्रयोग भएको देखिन्छ । कक्षा दसको नेपाली पाठ्यपुस्तकमा सुरू-सुरूका पाठहरूमा तत्भव् त्यसपछि क्रमश : तत्सम् र आगन्तुक शब्दको प्रयोग भएको देखिन्छ । यी सम्पूर्ण कुराहरूको अभ्यास गराउन खोजेतापनि पूर्ण रूपमा उपयोगी देखिदैन । जुनसुकै पाठ्यपुस्तकमा पनि ८० प्रतिशत विद्यार्थीले जानेका र २० प्रतिशतमात्र नयाँ शब्द थपिनुपर्ने भएपनि यस किसिमको नियमलाई उपयुक्त ढङ्गले पालना गरेको भेटिदैन ।

### ४.८.१.३ भाषाको विश्लेषण

पाठ्यपुस्तकको अभिन्न अङ्गको रूपमा भाषाको विश्लेषण पनि एक हो । भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने भाषाहरू विद्यार्थीको स्तर, विद्यार्थीको क्षमता र तह अनुरूप प्रयोग भएको हुनुपर्छ । भाषा सरल, स्पष्ट र सुबोध हुनु पर्दछ ।

कक्षा दसको नेपाली भाषा पाठ्यपुस्तकमा विधागत पाठपछि प्रथम अभ्यासको रूपमा शब्द र अर्थ राखिएको छ । यसलाई नयाँ शब्दभण्डार भन्न सकिन्छ । पाठमा प्रयोग भएका भाषाहरू बढीमा ८/९ अक्षरले बनेको देखिन्छन् । यस्ता किसिका अक्षरहरू माध्यमिक तहका लागि उपयुक्त नै भएको देखिन्छ । वाक्य संरचना हेर्दा धेरै जसो ३/४ शब्दले बनेका वाक्य भेटिन्छन् । धेरै पाठहरूभाषिक संरचनाका हिसाबले सरल देखिएतापनि केही निबन्ध, जीवनी र कविता पाठहरूमा भाषिक संरचना कठीन देखिन्छ । जस्तै : सन्दुक रूइत र क्लाराजेटकिन जस्ता पाठहरूमा ज्यादै कठीनाइ देखिन्छ । त्यस्तै कविताहरूमा तत्सम शब्दहरूको प्रभाव भेटिन्छ । जसका कारण बोधगम्यतामा ह्रास पैदा गर्ने सम्भावना बढेको छ । केही निबन्धहरूको भाषिक संरचना अमूर्त किसिमको देखिन्छ । समग्रमा हेर्दा वाक्य संरचनाका दृष्टिले विभिन्न विधाका पाठहरू उपयुक्त नै छन् भन्न सकिन्छ । वाक्यमा सर्वनाामको प्रयोगलाई स्तर अनुसार उचित नै देखिन्छन् । त्सैगरी सापेक्ष संयोजन, आलङ्कारिकता र प्रतिकारात्मक शैली मध्यम देखिन्छन् । पाठ्यपुस्तकमा प्रयोग हुने उखान टुक्काहरूको प्रयोग कक्षा दसको स्तरलाई हेर्दा कम प्रयोग भएको देखिन्छ । अनुकरणात्मक शब्दको विश्लेषणा गर्दा प्रसस्त अनुकरणात्मक शब्दको प्रयोग भएको भेटिन्छ । पाठ्यपुस्तकका गद्य विधाका पाठहरूमा सरल, संयुक्त र मिश्र गरी तिनै किसिमका वाक्यहरूको प्रयोग भएको भेटिन्छ ।

पाठ्यपुस्तकको भाषा सु-स्पष्ट, त्रुटिरहीत, सान्दर्भिक, रूचिपूर्ण, सरल बनाउन खोजिएतापनि पूर्णता : पाउन सकेको भेटिदैन । त्यसैगरी विद्यार्थीको कठीनाइको स्तर, त्रुटिको क्षेत्र र आवश्यकतालाइ विचार गरी भाषातत्त्वमा जोड दिनु आवश्यक हुन्छ ।

**४.८.१.४ अभ्यासको विश्लेषण**

पाठ्यपुस्तक विश्लेषण गर्ने महत्त्वपूर्ण आधार अन्तर्गत नमूना अभ्यास पर्दछ । अभ्यासलाई भाषा विकासको मेरूदण्डको रूपमा लिइन्छ । भाषिक सीपमा दक्षता हासिल गर्न नमूना अभ्यास अनिवार्य घटकको रूपमा रहेको देखिन्छ । भाषिक सीपविकास भाषिक सीप सिकाउन विधागत पाठहरूबाट मात्रा सम्भव हुँदैन । यसका लागि अभ्यासको आवश्यकता पर्दछ । अभ्यासहरू राख्दा पाठ्यक्रम अनुरूप विद्यार्थीको रूचि, स्तर, क्षमता आदिका दृष्टिले उपयुक्त र स्तरिय हुनुपर्दछ ।

कक्षा दसको नेपाली पाठ्यपुस्तकमा प्रशस्त अभ्यासहरू राखेर सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारै सीपलाई समेट्ने प्रयास गरिएको छ । वर्तमान पाठ्यपुस्तकमा पाठ्गत अभ्यास, व्याकरणगत अभ्यास र सिर्जनात्मक अभ्यासका साथै परियोजना कार्यलाई पनि समावेश गरी अलग-अलग ढङ्गबाट चिनाइएको छ । पाठगत अभ्यास अन्तर्गत सुनाइका लागि ५४ वटा, बोलाइका लागि ६७ वटा र लेखाइका लागि ११२ वटा अभ्यासहरूलाई समावेश गरिएको छ भने ९६ वटा व्याकरणगत अभ्यासहरू समावेश गरिएको छ । जसले खोजमूलक ढङ्गबाट प्रस्तुत गरिने नयाँ पद्धतिको व्याकरणको सिकाइमा सहजता ल्याएको देखिन्छ । १० वटा सिर्जनात्मक सिकाइको अभ्यासहरू र दुई वटा परियोजनामूलक अभ्यास राखी विद्यार्थीको क्षमताको स्तरलाई माथि उकास्ने उद्देश्यले उचित व्यवस्थापन गरेको देखिन्छ । ४ वटा सीपलाई एकिकृत गरी बराबर महत्त्व दिएको भेटिन्छ । प्रत्येक पाठमा उत्तर भन्न, उत्तर लेख्न लामो उत्तर लेख, संक्षिप्त उत्तर लेख भनी अभ्यास राखिएको छ । त्यस्तै शब्दभण्डारमा प्रत्येक पाठमा छुट्टै शीर्षक राखेर त्यसभित्र खाली ठाउँ भर, जोडा मिलाउ,, अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर भनेर अभ्यासहरू राखिएको छ । यसले शब्दभण्डार वृद्धिमा सहयोग पुऱ्याउछ । कार्यमूलक व्याकरणका अभ्यासहरूलाई प्रत्येक पाठमा छुट्टै शीर्षक राखिएको प्रस्तुत गरिएको छ । यसले व्यवहारिक र शुद्ध प्रयोगलाई हौसला प्रदान गरेको छ । त्यसैगरी प्रत्येक पाठमा सिर्जनात्मक अभ्यासहरू राखेर सृजनात्मक अभिव्यक्तिगत सीपलाई विकास गराउने प्रयास गरिएको छ । अभ्यासलाई पाठ्यक्रममा उद्देश्य पूर्तिमा धैरै उपयुक्त र सहयोग भएको भेटिन्छ ।

### ४.८.१.५ चित्रको वर्णन/विश्लेषण

पाठ्यपुस्तकमा चित्रको प्रयोग मूलत : विषयगत ज्ञान र धारणा दिने प्रयासले गरिएको हुन्छ । चित्रद्वारा विद्यार्थीको सम्बन्धीत विषयवस्तुलाई रूचिपूर्ण अवलोकन गरी सृजनात्मक क्षमताको विकास गर्ने अवसर प्रदान गर्दछ । 'हजारौँ शब्दभन्दा एउटा तस्बिर बढी प्रभावकारी हुन्छ ।' चित्रका माध्यमबाट कुनै पनि विषयवस्तुलाई सजिलै बुझ्न र बुझाउन सकिन्छ । चित्र प्रसङ्ग अनुरूप भाषिक विषयवस्तुको अभ्यास तथा प्रयोग गराउन शब्द, अर्थ र व्याकरणिक नियमको धारणा बसाउन पाठलाई रोचक बनाउन प्रयोग गरिन्छ ।

कक्षा दसको नेपाली पाठ्यपुस्तकमा राखिएका चित्रहरू प्राय : विषयवस्तुलाई स्पष्ट पार्ने क्रममा राखिएका छन् । यस पाठ्यपुस्तकमा १६ वटा पाठ छन् । जसमा २२ वटा चित्रहरू मात्र प्रयोग गरेको देखिन्छ । जस्तै : जन्मभूमि भन्ने कथामा रूखको छहारीमा दुईजना मानिस कुराकानी गर्दै गरेको, दोस्रो चित्रमा धेरैजना मानिस युद्धका लागि तयार भएको कुरा चित्रबाट प्रष्ट पार्न खोजिएको छ । जसले आफ्नो जन्मभूमिप्रतिको माया, प्रेम र स्नेहलाई जोड दिएको छ । यस्तै अन्य कथाहरूमा पनि भाषिक सीप विकास गराउने किसिमका चित्रहरू प्रयोग भएका छन् । सन्तुष्टि भन्ने कवितामा सबै जातजति भाषाभाषी, संस्कृति, सम्प्रदायका मानिसहरू भएको चित्र दिइएको छ । जसबाट सबै जात, भाषा, क्षेत्र र लिङ्गका मानिसहरूको एकतालाई झल्काउन खोजिएको छ । कथा, निबन्ध, प्रबन्ध विधाका पाठहरूमा पनि भाषिक सीप विकास गराउन सकिने चित्रहरू राखिएको छ । जीवनी विधामा सन्दुक रूइत र क्लारा जेटकिनको तस्बिर राखिएको छ । यो पाठ्यक्रम अनुरूप नै छ ।

कक्षा दसको नेपाली पाठ्यपुस्तकमा चित्रहरूमा पाठगत आधारमा चित्रहरूको सन्तुलन भने भेटिदैन । कुनै पाठमा ४/५ वटा चित्रहरू समावेस गरिएका भेटिन्छन् भने कुनै पाठमा एउटा चित्रपनि समावेश  गरिएको पाइदैन । कुनै चित्रहरू नचिनिने र अस्पष्ट खालका देखिन्छन् । पाठ : चारमा प्रयुक्त चित्र बुद्धको थाङ्का (चित्र) प्रस्तुत गरिएको छ । प्रयुक्त चित्र वाास्तविकताको नजिक रहेको पुष्टि गर्दछ । यसरी यस पाठ्यपुस्तकमा राखिएको समग्र चित्रहरूलाई हेर्दा केहीमा कमी कमजोरी देखिएतापनि चित्रको संयोजन राम्रो पाइन्छ ।

### ४.८.१.६ भूमिका तथा निर्देशन

पाठ्यपुस्तकमा राखिएका पाठहरू कुन उद्देश्यका लागि शिक्षण गर्नुपर्छ भन्ने निर्देशन भूमिका निर्देशमा दिएको पाइन्छ । कक्षा दसको नेपाली पाठ्यपुस्तकमा हाम्रो भनाइ अनुसार २ पाना ३ पृष्ठ रहेको छ । पहिलो पृष्ठमा किताबको नाम, कक्षा, लेखक, प्रकाशकको नाम लेखिएको छ । दोस्रो पृष्ठमा प्रकाशक, पुस्तक काहाँबाट तयार गरिएको, संस्करण, पाठ्यक्रम विकास केन्द्रले गरेको सुचना पनि दिइएको छ । तेस्रो पृष्ठमा भूमिकालाई हाम्रो भनाइ अन्तर्गत पाठ्यपुस्तकसम्बन्धी जानकारी गराइएको छ ।

प्रस्तुत पाठ्यपुस्तक भाषा पाठ्यपुस्तक भएकाले यसको अध्ययन पछि विद्यार्थीहरूले पाठ्यक्रममा निर्धारण भएका सिकाइ उपलब्धीहरू हाँसिल गर्न सक्ने जानकारी प्रस्तुत गरिएको छ । यसका साथै विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हाँसिल गर्न सक्ने कुरा अपेक्षा गरिएको छ । यसका साथै विद्यार्थीले राष्ट्र-राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराइ नैतिक, अनुशासित र स्वावलम्वनजस्ता सामाजिक एवम् चारित्रिक गुण पैदा गराइ नैतिक, अनुशासित र आधारभूत भाषिक तथा गणितिय सीपका साथै वैज्ञानिक पेशा, व्यवसाय, सुचना तथा सञ्चार प्रविधि, वातावरण र स्वास्थ्य सम्बन्धी आधारभूत ज्ञान र जिवन उपयोगी सीप विकास गराउन जरूरी छ ।

यसरी पाठ्यपुस्तकको भूमिका र निर्देशनमा शिक्षकलाई शिक्षणिय क्रियाकलापका लागि र विद्यार्थीलाई ज्ञान आर्जनका लागि आवश्यक पर्ने निर्देशन दिइएको छ । यसमा पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमूखी र रूचीकर बनाउने प्रयन्त गरिएको छ । यद्यपी यसमा भाषाशैली, विषयवस्तुको प्रस्तुत र चित्राङ्कनका दृष्टिले अझै कमजोर रहेका हुनसक्छन् । तिनको सुझावका लागि पाठ्यक्रम विकास केन्द्रले हार्दिक अनुरोध गरेको छ । यसै खण्डमा शिक्षकहरूका लागि अध्यापन गर्न चाहिने आवश्यक निर्देशन उल्लेख गर्न सकेको भए राम्रो हुनेथियो । संक्षेपमा भन्नुपर्दा उल्लेख गरिएका विषयवस्तुलाई शिक्षण सिकाइ प्रक्रियामा प्रयोग गरिएमा पाठ्यक्रमको उद्देश्य परिपूर्तिमा सहयोग हुने देखिन्छ ।

### ४.८.२ बाह्य वा भौतिक पक्षको आधारमा कक्षा दसको नेपाली पाठ्यपुस्तकको विश्लेषण

पाठ्यपुस्तकको विश्लेषण गर्दा आन्तरिक आधारमा मात्र नभएर बाह्य आधारमा पनि गरिन्छ । पाठ्यपुस्तक मध्ये शिक्षार्थीको ध्यान आकर्षण गरी पढुँ-पढुँ लाग्ने, उत्सुकता वा हौसला जगाउने कार्यमा यसको भूमिका महत्त्वपूर्ण हुन्छ । पाठ्यपुस्तकको आन्तरिक पक्षमात्र सबल भएर हुँदैन बाह्य पक्षपनि त्यतिकै सबल हुन आवश्यक छ । त्यसैले भाषा पाठ्यपुस्तक सबल हुनुमा यी दुवै पक्षको महत्त्वपूर्ण भूमिका रहन्छ । पाठ्यपुस्तकको विश्लेषण गर्दा निम्नलिखित तत्त्वहरूको आधारबाट गरिन्छ :

#### ४.८.२.१ आवरण पृष्ठ

आवरण पृष्ठ भन्नाले पाठ्यपुस्तकको बाहिरी पृष्ठ भन्ने बुझिन्छ । आवरणले नै पाठ्यपुस्तकलाई संरक्षित गर्ने हुनाले यो बलियो हुँनाका साथै आकर्षक हुनुपर्दछ । आवरणमा प्रयोग गरिएको कागज मोटो, बलियो र आकर्षक हुनु राम्रो मानिन्छ । कक्षा दसको नेपाली पाठ्यपुसतक हेर्दा वनोटको आकार, बाक्लो र बलियो छैन । पुस्तकको अगाडिको भाग रङ्गिन छ । पृष्ठको माथि पाठ्यपुस्तकको नाम लेखिएको छ । दुई वटा राता धर्सा तलमाथि तानिएका छन् ।

माथिपट्टी धर्साको दाहिनेतिर ठूलो अक्षरमा **१०** लेखिएको छ । त्यो भन्दा तल **नेपाली** र **कक्षा १०** लेखिएको छ त्यसमुनी विद्यालयको पोसाक लगाएका छात्र/छात्राले नेपालको राष्ट्रिय झण्डा समातेर उभिएको देखिन्छ । पछाडिको आवरण पृष्ठमा हल्का गुलाबी रङ राखेर कक्षा १० को कक्षागत गीत लेखिएको छ । त्यसको तल दायाँ भागमा नेपाल सरकारको लोगो र त्यसमुनि प्रकाशन नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर लेखिएको छ । दायाँ भागमा कालो अङ्क ९७०९९७३७८०४३४४ लेखिएको छ । अग्र र पश्च आवरणको भित्री भाग सादा र सेतो रङको छ ।

### ४.८.२.२ अक्षरको आकार र ठाउँ छोडाइ

कक्षा दसको नेपाली पाठ्यपुस्तक ७ इन्च चौडाइ र ९.५ इन्च लम्बाइ रहेको छ । पाठ्यपुस्तकमा १६० पृष्ठहरू रहेका छन् । अक्षरको आकार १२ देखि २२ प्वाइन्टको विचमा रहेको पाइन्छ । शब्दार्थ र भूमिकामा १२ प्वाइन्ट विषयवस्तुका लागि १४ प्वाइन्ट, विधाको नाम र पाठ सङ्ख्याका निम्ति १६ प्वाइन्ट र मुख्य शीर्षकका लागि २२ प्वाइन्टका अक्षरहरू समाविष्ट छन् । कक्षा स्तरअनुरूप यी अक्षराकार उपयुक्त मानिन्छ । अक्षर-अक्षर, शब्द-शब्द तथा पङ्क्ति-पङ्क्ति बीचका अन्तराल वा ठाउँ छोडाइ पनि उपयुक्त नै छ । यो पाठ्यपुस्तक सहज रूपमा बोक्न र हिडडुल गर्न सकिने छ । सामान्यतः यो पाठ्यपुस्तक विद्यार्थीका लागि उपयुक्त देखिन्छ ।

### ४.८.२.३ छपाइ र बधाइ

कक्षा दसको नेपाली भाषा पाठ्यपुस्तकको बाहिरी आवरण पृष्ठमा कालो रङ्गको मसी मात्र प्रयोग गरिएको छ । शीर्षक, उप-शीर्षक, अभ्यासका मूल शब्दहरू, कठीन शब्दहरू आदि गाढा कालो रङमा छापिएका छन् । उक्त पाठ्यपुस्तक गमले मात्र टाँसिएको छ । स्टेपलर र सिलाइको प्रयोग गरिएको छैन । जसले गर्दा पाठ्यपुस्तकहरू कम टिकाउ हुने खालका हुन्छन् । कतिपय ठाउँमा छपाइँमा अत्यन्तै मधुरो छापिएर बुझ्नै कठीन हुने देखिन्छ । कतिपय छापिएका

अक्षरहरू अर्को पानामा देखिएका छन् । किताबका पाना पल्टाएर जुन ठाउँमा राखेपनि अडिने हुनुपर्ने, अलि उपयुक्त देखिदैनन् । पाना पल्टाएर अर्को पृष्ठमा फर्किने डर हुन्छ । पाठ्यपुस्तकमा प्रयोग गरिएका वर्ण विन्यास, व्याकरण तथा शब्द र आवश्यक चिह्नहरू उपयुक्त नै देखिन्छन् ।

### ४.८.२.४ कागजको स्तर

कक्षा दसको पाठ्यपुस्तकमा प्रयोग गरिएको कागज त्यति गुणस्तरीय देखिदैन । यसको आवरण पृष्ठमा १५० ग्राम र भित्री पृष्ठमा ५४ ग्रामको कागज प्रयोग गरिएको छ । यो पाठ्यपुस्तकमा प्रयोग गरिएको बाक्लो कागज भएपनि मसिनो, चिल्लो तथा सेतो छैन । यसले गर्दा पाठ्यपुस्तक छिटै च्यातिने, भाँचिने, खुम्चिने भएर टिकाउपनमा बाधा पर्न जान्छ । गुणस्तरयुक्त कागजको कमीले पाठ्यपुस्तकमा रहेको चित्र, तस्बिर, नक्सा जति आकर्षक देखिनुपर्ने हो त्यति आकर्षक देखिएका छैनन् ।

### ४.८.२.५ मूल्य

कक्षा दसको नेपाली पाठ्यपुस्तकको मूल्य रू ६२/२० पैसा निर्धारण गरिएको छ । यो मुल्य नेपालका जनताको स्तर अनुरूप उपयुक्त नै छ तर कागजको गुणस्तर कमजोर भएकाले मूल्य सस्तो पर्न गएको अनुमान लगाउन सकिन्छ । पाठ्यपुस्तक सरकारीस्तरबाट नै निशुल्क वितरण गरिएको छ । त्यसैले मूल्यका दृष्टिले उपयुक्त नै देखिन्छ ।

### ४.८.२.६ सर्वसुलभता

छापिएका पाठ्यपुस्तकहरू सबै ठाउँमा सहजै उपलब्ध हुनुपर्दछ । समयमै सबै ठाउँमा पुऱ्याउन नसकेमा शिक्षणमा अप्ठ्यारो पर्दछ । छपाइमा नै ढिला त्यस पछाडि वितरणमा झनै ढिला भएका कारणले सम्बन्धीत पक्षले निकै मार खप्नु परेको छ । पाठ्यपुस्तक शहरी र सुगम

क्षेत्रमा मात्र नभएर दुर्गम तथा ग्रामिण पहाडी क्षेत्रमा पनि नयाँ शैक्षिक सत्र सुरूवात अगावै उपलब्ध हुन नसक्नु अहिलेसम्म पनि समस्याकै रूपमा रहेको छ ।

### ४.८.२.७ शब्दसूची

पाठ्यपुस्तकको अन्त्मा त्यसमा प्रयोग भएका नयाँ शब्दहरू तथा उखानटुक्काहरूको सूची, आकार आदि क्रममा मिलाएर राख्दा उपयुक्त हुन्छ । यसले शिक्षक, विद्यार्थी दुवै पक्षलाई प्रयोग गर्न सहज हुन्छ । कक्षा दसको पाठ्यपुस्तकको अन्त्यमा शब्दसूचीको प्रयोग गरिएको छैन । पाठ्यपुस्तक निर्माण गर्दा यस पक्षमा विचार पुऱ्याउनु पर्ने देखिन्छ ।

### ४.८.२.८ विषयसूची

कक्षा दसको नेपाली पाठ्यपुस्तकमा क्रमसङ्ख्या, पाठ, शीर्षक स्पष्ट दिइएको छ । पाठ सुरू हुनुभन्दा अगावै विषयसूची राखिएको हुनाले पाठ्यपुस्तक सान्दर्भिक देखिन्छ ।

### ४.८.३ कक्षा दसको नेपाली पाठ्यपुस्तकमा देखिएका कमीकमजोरीहरू

कक्षा दसको नेपाली पाठ्यपुस्तकमा देखिएका कमीकमजोरीहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

क) पाठ्यपुस्तकले पाठ्यक्रमको वास्तविक भावना र मर्मलाई आत्मसाथ गर्न सकेको छैन ।

ख) पाठ्यक्रम अनुरूप पाठ्यसामग्रीमा सुनाइ र बोलाइ सम्बन्धीत सीप विकासमा कमी देखिन्छ ।

ग) पाठ्यपुस्तकमा समावेश गरिएका चित्रहरू विद्यार्थीको स्तर अनुकूल नरहेको साथै पर्याप्त नभएको देखिन्छ ।

घ) उक्त पाठ्यपुस्तकमा प्राय : पदयोग र पदवियोग तथा लेख्य चिह्नमा त्रुटि देखिन्छ ।

ङ) पाठ्यपुस्तकले विज्ञान र प्रविधिमा भएका अत्याधुनिक नवीन प्रयोग र उपलब्धीलाई समेट्न सकेको छैन ।

च) हाम्रा जिवन्त र व्यवहारिक अनुभवहरूलाई पाठ्यपुस्तकले समेट्न सकेको छैन ।

छ) पाठ्यपुस्तकमा लामा र जटिल प्रकृतिका वाक्यहरूको समावेश गरिएको पाइन्छ ।

ज) दोस्रो भाषि विद्यार्थीहरूलाई मध्यनजर गर्दै पाठ्यपुस्तकमा दोस्रो भाषा सिकाइ सम्बन्धी सामाग्री राखिएको छैन ।

झ) पाठ्यपुस्तक सुगम तथा दुर्गम सबै क्षेत्रमा शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा अगावै पुग्न सकेको छैन ।

# अध्याय : पाँच

# निष्कर्ष, सुझाव तथा उपयोगिता

## ५.१ निष्कर्ष

नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा कक्षा दसको नेपाली पाठ्यपुस्तक तयार पारिएको छ । यो पाठ्यपुस्तक सरकारी विद्यालयहरूमा अनिवार्य विषयका रूपमा लागु गरिएको छ । पुस्तकलाई पाठ्यक्रम अनुरूप छ की छैन भनेर अध्ययन गर्ने काम गरिएको छ । त्यसैगरी पाठ्यपुस्तकले पाठ्यक्रमको उद्देश्यलाई पूर्ति गर्न सक्छ वा सक्दैन । पाठ्यपुस्तकको तालमेल पाठ्यक्रम अनुरूप मिलेको छ की छैन । पाठ्यक्रम र पाठ्यपुस्तकका कमीकमजोरी पत्ता लगाई सुझाव प्रस्तुत गर्ने काम यस अध्ययनमा गरिएको छ । प्रस्तुत अध्ययनमा उक्त पाठ्यपुस्तकको पाठ्यक्रमसँगको सम्बन्ध केलाउनको लागि विभिन्न अध्ययन पश्चात निष्कर्ष निकालिएको छ । समग्र रूपमा निष्कर्षलाई निम्नलिखित बुँदाहरूद्वारा प्रस्तुत गरिएको छ :

क) नेपाली भाषा पाठ्यपुस्तक भाषा पाठ्यक्रमको उद्देश्य अनुरूप हुनुपर्दछ । कक्षा दसको नेपाली पाठ्यपुस्तक उद्देश्य अनुरूप नै देखिन्छ ।

ख) यस पाठ्यपुस्तकमा भाषाका चारै सीपहरूलाई सन्तुलित गर्न खोजिएकातापनि अपूर्ण नै देखिन्छ ।

ग) यस पाठ्यपुस्तकमा राखिएका अभ्यासहरूले विद्यार्थी केन्द्रित क्रियाकलापलाई अवलम्बन गर्न खोजेको देखिन्छ ।

घ) पाठ्यपुस्तकमा व्याकरणलाई कार्यमूलक ढङ्गबाट पाठसँग सम्बद्ध गराउन कोसिस गरिनुले शिक्षण प्रक्रियालाई सैद्धान्तिकभन्दा व्यवहारिकता तिर जोड दिएको पाइन्छ ।

ङ) मूल्याङ्कन तथा अङ्कभारलाई हेर्दा यस पाठ्यक्रमले नेपाली विषयको १०० पूर्णाङ्कमध्ये २५ पूर्णाङ्क प्रयोगात्मक पक्षलाई छुट्याइएको छ । जसले निर्माणात्मक मूल्याङ्कनलाई थोरै भएपनि प्राथमिकता दिइएको पाइन्छ ।

च) पाठ्यपुस्तकमा राखिएका पाठहरूको आकृति, प्रकृति हेर्दा स्तर, तह र उमेर सुहाउँदा व्यवहारिक र रमाइला पाइन्छन् ।

छ) वैचारिक दृष्टिकोणले उक्त पाठ्यपुस्तकले शिक्षाशास्त्रीय दृष्टिकोण, प्रजातान्त्रिक मूल्यमान्यता तथा बालअधिकार, भौगोलिक र धार्मिक विविधता साथै राष्ट्रिय एकता र सार्वभौमिकतालाई सुस्पष्ट रूपमा समेटिएको देखिदैन ।

ज) प्रत्येक पाठमा विभिन्न किसिमका शब्द भण्डारका अभ्यासहरू राखिएकाले शब्द भण्डारका दृष्टिले उक्त पाठ्यपुस्तक उपयुक्त नै देखिन्छ ।

झ) पाठ्यक्रममा राखिएका नमूना अभ्यासहरू उपयुक्त किसिमकै देखिन्छन् ।

ञ) पाठ्यक्रममा समावेश गरिएका पाठहरूले सामाजिक, सांस्कृति, प्राकृतिक, लैङ्गिक, सांस्कृतिक, वैज्ञानिक तथा व्यवहारिक पक्षलाई समेट्न खोजेको छ । तर वर्तमान परिवेशको बदलिदो विकासलाई मद्धत गर्ने पाठ्यपुस्तकको व्यवस्था गरिएको छैन ।

ट) वनोटका दृष्टिले आकार र मोटाइ स्तरअनुरूप उपयुक्त नै छ तर रूज्ने, भिज्ने, मैलिने तथा च्यातिने डर भने यथावत नै छ ।

ठ) यस पाठ्यपुस्तकमा कागजको स्तर उपयुक्त छैन । मूल्य उपयुक्त भएतापनि सुलभताका दृष्टिले उपयुक्त छैन ।

ड) उक्त पाठ्यपुस्तकमा प्रत्येक पाठका प्रत्येक पृष्ठमा कठीन शब्दको अर्थ दिएकाले सिकाइ तथा शब्दार्थ शिक्षणमा सयहोग पुगेको छ ।

ढ) यस पाठ्यपुस्तकमा चित्रको रखाइक्रम मिलेको देखिदैन । पाठ्यपुस्तकमा जम्मा १६ वटा पाठमा २२ वटा चित्रहरूमात्र राखेको पाइन्छ ।

**५.२ सुझावहरू**

कक्षा दसको नेपाली पाठ्यपुस्तकमा भएका कमीकमजोरीलाई निम्न अनुरूप निराकरण गरी परिस्कृति र परिमार्जन गर्दै सुधार गर्न सकिन्छ ।

क) पाठ्यवस्तु छनोट गर्दा विद्यार्थीको रूचि, आवश्यकता, उमेर, स्तर, भाषिक पृष्ठभूमि तथा समाजिक र मनोवैज्ञानिक आदि पक्षलाई ध्यान दिएर मात्र छनोट गर्नुपर्दछ ।

ख) पाठ्यपुस्तकले पाठ्यक्रमको वास्तविका भावना र उद्देश्यलाई आत्मसाथ गरी सोही वमोजिम पाठ्यवस्तु छनोट गर्नु पर्दछ ।

ग) पाठ्यवस्तुको छनोट गर्दा कुनै एक क्षेत्रबाट र एक व्यक्तिबाट मात्र नभई विभिन्न क्षेत्र र विषयवस्तुबाट गरिनुपर्दछ ।

घ) पाठ्यपुस्तकले विज्ञान र प्रविधिमा भएका अत्याधुनिक नवीन प्रयोग र उपलब्धीलाई समेट्न सक्नुपर्दछ ।

ङ) भाषापाठ्यपुस्तकले भाषाका चारै सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई सन्तुलित रूपमा समावेश गर्न सक्नुपर्छ ।

च) पाठ्यक्रमले निर्माणात्मक मूल्याङ्कन तथा प्रयोगात्मक पक्षलाई अझ धेरै अङ्कभार छुट्याएर पाठ्यपुस्तकले प्रयोगात्मक तथा निर्माणात्मकमूल्याङ्कनमा सघाउ पुऱ्याउने प्रशस्त अभ्यास राखिनुपर्दछ ।

छ) पाठ्यपुस्तक निर्माण गर्दा प्रयोग गरिएको कागजको गुणस्तरमा सुधार गर्नु पर्दछ ।

ज) व्यवहारिक र जीवन्त अनुभवलाई पाठ्यपुस्तकमा समावेश गरिनुपर्दछ ।

झ) पाठ्यपुस्तकमा विभिन्न सन्दर्भ र प्रसङ्ग अनुरूप उखानटुक्काको प्रयोगमा ध्यान दिनुपर्ने देखिन्छ ।

**५.३ उपयोगिता**

कुने पनि विषय क्षेत्रसँग सम्बन्धीत रहेर त्यसपश्चात के विषयवस्तुमा कुन-कुन विषय कुन-कुन पक्षमा रहेर शोधकार्य सम्पन्न गर्न सकिन्छ जस्ता विषयमा शोधार्थीले सम्बन्धीत रहेर गरिने कार्यलाई उपयोगिताभित्र समेट्न सकिन्छ । शोधार्थीले शोधकार्य सम्पन्न गर्ने क्रममा यसको उपयोगिता, आवश्यकता, महत्त्व साथै सबल पक्षहरूजस्ता कुराहरूलाई ख्याल गरी प्रत्यक्ष र परोक्ष रूपमा विविध व्यक्ति, समुह, समुदाय, भाषा, कला, साहित्य आदिजस्ता क्षोत्रहरूमा सहयोग पुऱ्याइरहेको हुन्छ ।

कक्षा दसको नेपाली पाठ्यपुस्तक शैक्षणिक दृष्टिले निकै उपयोगी छ । त्यसैगरी भाषाको प्रयोगगत तह र नीतिगत तह आदिमा यो अध्ययन गर्नु उपयुक्त देखिन्छ । यस अध्ययन कार्यका प्रयोजनहरूलाई निम्नानुसार हेर्न सकिन्छ ।

## ५.३.१ नीतिगत तह

यस अध्ययन त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय दोस्रो वर्ष नेपा.शि. ५९८ को आवश्यकता पुरा गर्ने उद्देश्यका साथ सम्पन्न गरिएको छ । स्नातकोत्तर तहको पाठ्यक्रमले तोकेअनुसार शोध अध्ययन भएको शोधार्थीले स्नातकोत्तर तह सम्पन्न गरी आफ्नो शैक्षिक स्तर परिपूर्ति गर्नको लागि, स्नातकोत्तर उपाधि हासिल गर्नका निमित्त यो शोध कार्य भएको हो । यसलाई निम्न आधारबाट प्रष्ट पारिएको छ :

क) पाठ्यक्रम, पाठ्यपुस्तक निर्माता र विषयविज्ञलाई सचेत गराउन यो अध्ययन लाभदायक हुने अपेक्षा राखिएको छ ,

ख) नेपाली भाषा पाठ्यपुस्तक शिक्षणमा समावेसीकरण गराउन प्रस्तुत अध्ययन उपयोगी देखिन्छ,

ग) नेपाली भाषा पाठ्यपुस्तकमा रहेका कमीकमजोरीहरू पत्ता लगाई त्यसमा रहेका विषयवस्तुलाई परिवर्तन गरी समयसान्दर्भिक बनाउन,

घ) पाठ्यक्रमलाई समय सापेक्ष, उपयोगी र व्यवहारमूलक बनाउन,

ङ) पाठ्यसामग्रीको प्रकृति र उद्देश्य अनुरूपको सिकाइ क्रियाकलाप गर्न ।

## ५.३.२ कार्यान्वयन तह

नियमितरूपमा अध्ययन र अनुसन्धान गर्दा नवीन कुरा पत्ता लगाउन यस अध्ययनले सघाउ पुऱ्याउछ । पाठ्यक्रमका उद्देश्य, मर्म र भावना अनुरूप पाठ्यपुस्तक निर्माण भए/नभएको सिकारूको रूचि, क्षमता, उमेर र योग्यता आदिलाई समेटेको वा नसमेटेको जस्ता विषयवस्तुको

बारेमा अध्ययन गरिएको छ । कक्षा दसको भाषा पाठ्यपूस्तकको अध्ययन गर्नाले कार्यान्वयन तहको दृष्टिले उपयोगी हुने कुरा बुँदागत रूपमा निम्नानुसार प्रष्ट पारिएको छ :

क) भाषा पाठ्यपुस्तक र पाठ्यक्रम सम्बन्धी अनुसन्धानकर्तालाई सामग्री उपलब्ध गराउन प्रस्तुत शोधले सघाउ पुऱ्याउने छ ।

ख) पाठ्यपुस्तकमा देखिएका कमी कमजोरी हटाउन सहयोग पुऱ्याउ पुऱ्याउने छ ।

ग) यस अध्ययनले कक्षा दसको नेपाली विषय अध्ययन गराउने शिक्षक र अध्ययन गर्ने विद्यार्थीलाई सहयोग पुऱ्याउने छ ।

घ) यस अध्ययले पाठ्यपुस्तकका सबल र दुर्बल पक्षको पहिचान गरी त्यसको निराकरण गर्न सहयोग पुग्नेछ ।

ङ) यस अध्ययनले पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक निर्माण गर्न सम्बन्धीत व्यक्ति वा संस्थालाई सहयोग पुग्नेछ ।

च) यस अध्ययनले पाठ्यपुस्तकका सबल र दुर्वल पक्षको पहिचान गरि त्यसको निराकरण गर्न सहयोग पुग्नेछ ।

### ५.४ आगामी अनुसन्धानका लागि शीर्षकहरू

क) कक्षा दसको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमूना अभ्यासहरूको अध्ययन,

ख) कक्षा दसको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका वाक्यात्मक संरचनाहरूको अध्ययन,

ग) कक्षा दसको नेपाली पाठ्यपुस्तकमा समाविष्ट जीवनी विधाको अध्ययन,

घ) कक्षा दसको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन ।

## सन्दर्भ सूची


ओभ्mा, रामनाथ, खकुरेल, रामराज र अधिकारी, बालकृष्ण (२०६७), **आधारभूत शैक्षिकज्ञान र नेपाली भाषा शिक्षण**, काठमाडौं : पिनाकल पब्लिकेशन ।

ओभ्mा, रामनाथ (२०७३), **माध्यमिक शिक्षा दिग्दर्शन - नेपाली,** काठमाडौं : पिनाकल पब्लिकेशन ।

खनाल, पेशल (२०७३), **शैक्षिक अनुसन्धान पद्धति,** काठमाडौं : सनलाइट प्रकाशन ।

ढकाल, शान्तिप्रसाद (२०७०), **नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,** काठमाडौं : शुभकामना प्रकाशन ।

निरौला, हरिप्रसाद (२०६२), **माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा पाठ्यक्रम अनुरूपता, स्नातकोत्तर शोधपत्र,** नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

नेपाल सरकार शिक्षा मन्त्रालय (२०७१), **माध्यमिक शिक्षा पाठ्यक्रम,** सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पौडेल, टीकाप्रसाद, भट्टराई, तीर्थराज, बराल, मदनराज (२०६५), **नेपाली भाषापाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षण पद्धति,** काठमाडौं : जुपिटर प्रकाशन ।

पौडेल, माधव प्रसाद (२०६९), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू**, काठमाडौं : हेरिटेज पब्लिसर्स ।

बम, सुशिल कुमार (२०७०), **पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा दसको वर्तमान नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन,** स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

भण्डारी, कल्पना (२०७३), **पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा नौको नेपाली पाठ्यपुस्तकको अध्ययन**, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

रिमाल, प्रभादेवी (२०७१), **पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा सातको पाठ्यपुस्तकको अध्ययन,** स्नातकोत्तर, शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय, त्रि.वि. कीर्तिपुर ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुइटेल (२०५२), **शोधविधि,** ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, सुधा, सुवेदी, धनप्रसाद र ज्ञवाली, रामप्रसाद (२०७४), **कक्षा दसको अनिवार्य नेपाली,** भक्तपुर : नेपाल सरकार शिक्षा मन्त्रालय ।

# परिशिष्ट

## व्यक्तिगत विवरण

नाम : मनोज सुवेदी

जन्म : २०४७/०१/०५

जन्म स्थान : दलगाउँ- १, भोजपुर

पिता : अर्जुन प्रसाद सुवेदी

माता : लीलादेवी सुवेदी

लिङ्ग : पुरूष

नागरिकता : नेपाली

धर्म : हिन्दु

भाषा : नेपाली

मूलविषय : नेपाली

मोबाइलनं. : ९८४२२३४२६२

शैक्षिक योग्यता :

एस.एल.सी. : श्री सगरमाथा उच्च मा.वि., घोरेटार, भोजपुर ।

कक्षा ११, १२ : श्री सगरमाथा उच्च मा.वि., घोरेटार, भोजपुर ।

स्नातक तह : जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

स्नतकोत्तर तह : जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।